सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० माघ २३ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 06 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५८

# कमिशन लिई भुक्तानी दिएन मधेस सरकारको मन्त्रालयले ठेकेदारहरू चेक बाउन्समा धमाधम पक्राउ पर्दै



निर्माण कार्य सम्पन्न भई सामाजिक विकास एकाइ कार्यालयबाट भुक्तानी बाँकी रहेका योजनाहरू । तस्वीरः प्रतीक

प्रस, वीरगंज, २२ माघ/

मधेस प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले रु ८० करोड रुपियाँ दुई वर्षदेखि भुक्तानी दिन नसकेपछि ठेकेदारहरू बिचल्लीमा परेका छन् ।

कतिपय ठेकेदारहरू आफ्नो घर छाडी भागेका छन् भन्ने कतिपय जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका पीडित ठेकेदारहरूले बताएका छन् । अधिकांश ठेकेदारमाथि चेक बाउन्सको मुद्दा दर्ता भएकाले उनीहरू घर छाडी भागेका बुझिएको छ। ठेकेदारहरूले चर्को ब्याजदरमा रकम लिई काम सम्पन्न गरेको दुई वर्ष बितिसक्दा पनि सो मन्त्रालयले भुक्तानी नदिंदा साहुमहाजनहरूले चेक बाउन्स गराइ ठेकेदारहरूमाथि चेक अनादरको मुद्दा दर्ता गरिरहेका छन् । पर्साको छ करोड गरी प्रदेशका आठ जिल्लामा छ अर्बभन्दा बढी रकम सो मन्त्रालयले भुक्तानी दिएको छैन ।

सो मन्त्रालय अन्तर्गत सामाजिक विकास एकाइ कार्यालयमार्फत पुल, विद्यालय, सामुदायिक भवनलगायत थुप्रै निर्माण कार्य भएका थिए। कार्य सम्पन्न भइसकेको र भुक्तानीको लागि फाइल लेखा शाखामा दर्ता भएपनि तत्कालीन एकाइ कार्यालय, पर्साका प्रमुख डा मुक्तिनारायण साहले कार्यालयमा असार २३ गतेसम्म आएका फाइल अध्ययन गर्दागर्दै असारको २४ गते राति १२ बजेपछि खाता स्वतः बन्द हुँदा भुक्तानी रोकिएको अनिशका कन्स्ट्रक्शनका सञ्चालक रञ्जीत पटेलले बताए ।

सोही दिनदेखि सभामुख र मुख्यमन्त्री कार्यालय, सम्बन्धित मन्त्रालय घेराउ गर्दा प्रदेशसभा सदस्यहरू र प्राविधिक सम्मिलित छानबीन टोली बनेको तथा सो टोलीले पुनर्मूल्याङ्कन गरी भुक्तानी दिनुपर्ने प्रतिवेदन बुझाएको एक वर्ष बिते पनि भुक्तानी कसले कहाँबाट दिने कुनै छाँटकाँट नदेखिएको ठेकेदारहरूको भनाइ छ । वीरगंज महानगरपालिका-१० घडीअर्वा पोखरीस्थित कभर्ड हल स्तरोन्नतिका लागि रु ३६ लाख ९६ हजारमा २०७९ असार ६ गते ठेक्का सम्झौता भएको थियो ।

बाराको प्रसौनी गाउँपालिका-५ मा रहेको अधूरो बर्थिङ सेन्टर निर्माणका लागि २० लाख २६ हजारमा, ठाकुर राम बहुमुखी क्याम्पसको अधूरो दलित छात्रावास निर्माणका लागि प्रदेश सरकारसँग ४० लाखमा, वीरगंज-२४ मा रहेको शारदा माध्यमिक विद्यालयको दुई कोठे नयाँ भवनको फाउन्डेशन तयार गरी पर्खाल निर्माण कार्यको लागि रु २० लाख रुपियाँमा ठेक्का सम्झौता भएकालगायत ३६ वटा फाइलको रु छ करोड भुक्तानी रोकिएको छ। सो बेला वीरगंज एकाइ कार्यालयका प्रमुख अहिले स्वास्थ्य कार्यालय, वीरगंजको प्रमुखमा कार्यरत छन् । निर्माण कार्य उपभोक्ता समितिबाट भएको भनिए पनि ठेकेदारहरूले आफैं गरेका थिए । उपभोक्ता समिति बनाए पनि कामबापत रकम उनीहरूसँग आवश्यकता अनुसार नभएकोले स्थानीय ठेकेदारमार्फत काम गराइएको थियो । काम गर्नुअघि ठेकेदारहरूले केही प्रतिशत रकम प्राविधिकमार्फत कार्यालयलाई नगद नै दिइसकेको दाबी गरेका छन् । चर्को ब्याजदरमा रकम जुटाइ सो काम गरेका ठेकेदारहरूको दुई वर्षदेखि भुक्तानी रोकिएपछि उनीहरू बेघर भएका छन् । उनीहरू लुकीछिपी बसिरहेका छन् । उधारोमा निर्माण सामग्री दिएका पसलेलगायत ब्याजमा रकम दिएका साहुमहाजनहरू आफूहरूलाई खोजिरहेका पीडित ठेकेदारहरूको दुःखेसो छ ।

# गहुँबालीको लागि अन्तिमपटक पनि मलको अभाव

ओमप्रकाश चौधरी, सेढवा, २२ माघ/

पर्सा जिल्लाका किसानहरूले अहिले गहुँबालीको लागि पनि मलको अभाव झेल्नुपरेको छ। गहुँबालीको लागि अहिले अन्तिमपटक मल छर्ने बेलामा पनि किसानहरूले मलको अभाव झेलिरहेका छन् । किसानहरूले भारतीय बजारबाट मलको अभाव पूरा गरिरहेका छन् ।



अहिले गहुँबालीको लागि युरिया मल आवश्यक पर्ने जीराभवानी गाउँपालिका-२ का किसान रामरित चौधरी बताउँछन्। गहुँको बाला (गभलेणा) उम्रने बेलामा अन्तिमपटक युरिया मल प्रतिकट्ठा दुई किलोको दरले छर्नुपर्ने उनले बताए । तर अहिले स्थानीय सहकारीहरूमा मल अभाव रहेको र सीमापारि भारतबाट मल ल्याउनुपरेको बताए ।

गहुँबालीको लागि शुरूमा बीउ छर्दा प्रतिकट्ठा तीन किलो डिएपी र डेढ/डेढ किलो युरिया र पोटास आवश्यक पर्ने र त्यसको एक महीनापछि प्रतिकट्ठा दुई किलोको दरले युरिया गहुँबालीमा छर्दै आएको किसान चौधरीले बताए । तीनपटक मल आवश्यक भएको बेलामा यस वर्ष पनि नेपाली किसानहरूले मलको अभाव झेल्नुपरेको उनले बताए ।

भारतमा ४५ किलो बोराको युरिया मल रु सात सयमा पाइन्छ । किसानहरूलाई एक-दुई बोरासम्म मल दुवैतर्फका सीमामा खटेका सुरक्षाकर्मीहरूले ल्याउन दिइरहेका छन्। यसैको फाइदा उठाएर केही व्यापारीहरूले दुई-चार बोराको सङ्ख्यामा साइकलमार्फत ढुवानी गर्ने र ग्रामीण भेगमा महँगो मूल्यमा बिक्री गरिरहेका छन् ।

जगरनाथपुर गापा-३ का गिरजा महरा चमारले भारतबाट सस्तो मूल्यमा मल ल्याएर व्यापारीहरूले महँगोमा किसानहरूलाई बिक्री गरिरहेका बताए। उनले नेपालमा ५० किलो बोराको युरिया रु ९५० मा बिक्री हुँदै आएकोमा भारतबाट ल्याइएको ४५ किलोको बोरा एक हजारसम्ममा बिक्री हुने गरेको बताए । अहिले जिल्लाका अधिकांश व्यापारीले किसानको नाममा भारतबाट मल ल्याउने र महँगोमा बिक्री गरिरहेका छन्। यसतर्फ स्थानीय पालिका र सुरक्षाकर्मीहरूले ध्यान दिन सकेका छैनन् । विशुद्ध किसानहरूको लागि भारत र नेपालका सुरक्षाकर्मीहरूले एक-दुई बोरा मल ल्याउन छुट दिएकामा सोको फाइदा व्यापारीहरूले उठाउनु गलत भएको उनले बताए ।

# विटोरमा दउरवा नाचको आकर्षण

प्रस, परवानीपुर, २२ माघ/

अहिले मध्य तराईका गाउँघरमा कहरथुवा बाबाहरूको विटोर आयोजना भइरहेको छ। पर्सा र बाराका विभिन्न गाउँका बाबाहरूको छुट्टाछुट्टै काफिला (समूह) छ ।



विटोरमा दउरवा नाच प्रदर्शन हुँदै ।



वीरगंज-२१ पटेलनगरमा आयोजित विटोर । तस्वीरः प्रतीक

उनीहरू एक महीनादेखि विभिन्न गाउँका विटोरमा सहभागी भइरहेका छन्। रहरिया डिह काफिलाले गत माघ ११ गतेदेखि आफ्नो विटोर यात्रा शुभारम्भ गरेको थियो । बाराको भलुहीबाट शुरू भएको यात्रा एकवनिया, भरवलिया, रामपुर, मुसहरी, ताजपुर, मुसैली, पटेलनगर, सुखचैनासम्म पुगेको छ । करप्ब ४१५ कहरथुवा बाबाहरू सोमवार पटेलनगरबाट सुखचैनाको विटोरमा पुगेका छन् ।

आज बिहान ४ देखि दिउँसो २ बजेसम्म विटोरमा दउरवाको नाच प्रदर्शन भएको थियो। यो नाच बारा, बोधवनको हो। थारू कलाकारहरूको वर्चस्व रहेको सो नाचले शिवविवाहको कथा प्रदर्शन गर्छ । नाचको क्रममा बाँसको दउराले हाँस्य कलाकारलाई पिट्ने चलन छ । जसको कारण उक्त नाच दउरवाको नाच भनेर लोकप्रिय छ ।

गाउँलेका अरू नाच राति शुरू भई बिहान ३ बजे बन्द हुन्छ भने विटोरमा उक्त नाच बिहान सबेरै शुरू भई दिउँसोसम्म नाच्ने चलन छ । रहरिया डिह काफिला मङ्गलवार राति शङ्कराचार्यद्वारनजीकको मन्दिरमा बास बसी त्रिवेणीघाट (भैंसालोटन) प्रस्थान गर्नेछ भने माघ २५ गते मुण्डन, माघ २६ गते औंसीको दिन नारायणी नदीबाट जल भरेर माघ २७ गते बिहार, पूर्वी चम्पारणको अरेराज पुग्नेछ ।

चार दिनको यात्रापछि फागुन २ गते त्यहाँको शिवमन्दिरमा जलाभिषेक गरी काफिला फगुवाको अबिर लगाइ यात्रा सम्पन्न गर्दै घर फर्किने चलन छ।

# द्वारदेवी माविको विवाद साम्य बन्दै



प्रअको कार्यालयमा सरोकारवालासँग छलफल हुँदै । तस्वीरः प्रतीक

प्रस, परवानीपुर, २२ माघ/

वीरगंज-१७ अलौंस्थित द्वारदेवी माविमा कक्षा १२ को अन्तिम परीक्षाको फाराम भर्ने विषयमा केही दिनदेखि विद्यार्थीहरूले गरेको विवाद साम्य हुँदै गएको छ ।

वडाध्यक्ष सञ्जीवबहादुर छतकुलीको सक्रियतामा अभिभावक एवं भद्रभलादमीबीच भएको छलफलले विवाद साम्य बन्दै गएको विद्यालयका प्रधानाध्यापक दयाकान्त झाले जानकारी गराए । उनले विवादकै कारण तीन दिनदेखि विद्यार्थीहरूको पठनपाठन प्रभावित बनेको बताए । विद्यार्थीहरूले मासिक रु पाँच सय शुल्क तिर्नुपर्ने नियम नै पालना गर्नुपर्ने छलफलमा निर्णय भएकोले विद्यार्थीहरूलाई सम्झाइबुझाइ विद्यालय सञ्चालन हुन थालेको उनको

(बाँकी अन्तिम पातामा)

**विचारसार र सुक्तिहरू**

**आफ्नो चरित्रको चिन्ता गर, प्रतिष्ठाको होइन । तिम्रो चरित्र तिमी आफू हुनुमा छ, प्रतिष्ठा अरूले तिमीलाई बनाउनुमा छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# निर्णय होइन, काम गर्नुपर्‍यो

**वीरगंज महानगरपालिकाको बजार अनुगमन समितिले सङ्घीय स्वास्थ्य ऐनमा व्यवस्था भए अनुसार मठमन्दिर, शिक्षण संस्था वरिपरि पाँच सय मिटरमा मदिरा र सुर्तीजन्य पदार्थको बिक्री गर्न नपाउने विषयमा बहस चलाएको छ । समितिको माघ २१ गतेको बैठकले पहिलो चरणमा ऐन कार्यान्वयनमा ल्याउने क्रममा महानगरका धार्मिकस्थलहरू र शिक्षण संस्थाको जग्गामा निर्मित भवनहरूमा मदिरा र सुर्तीजन्य पदार्थको बिक्री वितरणमा रोक लगाउने निर्णय गर्न सक्यो। समितिका केही सदस्यहरूले धार्मिकस्थलहरू र शिक्षण संस्थावरिपरि पाँच सय मिटरको दूरीमा मदिरा र सुर्तीजन्य पदार्थको बिक्री वितरणमा रोक लगाउने कार्य तत्कालका लागि अव्यावहारिक हुने सुझाव दिए। उनीहरूको तर्क थियो, यो सङ्घीय ऐन कार्यान्वयनमा ल्याउँदा महानगरका मदिरा र सुर्तीजन्य बिक्रीस्थल समाप्त हुन्छन्। तसर्थ महानगरका उपप्रमुख संयोजक रहेको समितिले धार्मिकस्थल र शिक्षण संस्थाका जग्गामा निर्मित भवनहरूमा यस प्रकारका बिक्री वितरण रोक्ने निर्णय गर्‍यो ।**

**निर्णय गर्नमा महानगर हतार गर्दै आएकोले यसले गरेका निर्णय कार्यान्वयनका पाटाहरू हेर्दा असफल रहेका थुप्रै उदाहरणहरू देखा पर्छ। यसअघिका नगरप्रमुखले हर्न निषेध र प्लास्टिकजन्य पदार्थमा रोक लगाएका थिए । तर दुवै कार्यान्वयनमा आउनै सकेन । अहिलेको नेतृत्वले श्रीसिया नदी प्रदूषणमुक्त गर्ने घोषणा गर्‍यो तर त्यो पनि कार्यान्वयनमा आउन सकेको छैन । कारण श्रीसिया नदीको प्रदूषण छठ पूजा आएपछि देखिन्छ र त्यसपछि बिर्सने काम मात्र हुन्छ। जनप्रतिनिधिहरू आउनुअघिको अवधिमा मासु ऐन २०५५ महानगरमा लागू गर्ने प्रयास भएको थियो। स्वस्थकर मासु उपभोक्ताले खान पाउने अधिकार हो । तर महानगरले सो ऐनको एउटा पाटो मात्र समायो । अव्यवस्थित तरीकाबाट माछामासुको बिक्री हुन नदिने । अनि सोही ऐनमा व्यवस्था भए अनुसारको जिम्मेवारी भने अहिलेसम्म पूरा गर्न सकेको छैन अर्थात् पशु वधशालाको व्यवस्था । पशु वधशालाको अभावमा अहिलेसम्म उपभोक्ताहरू भगवान्भरोसे माछामासु खाइरहेका छन् । पशु वध गर्नुअघि त्यसको नीरोगिताको प्रमाणपत्र लिनुपर्छ अनि महानगरले तोकेको वधशालामा वध गरेर आफ्नो पसलहरूमा बिक्री गर्नुपर्छ ।**

**अहिले सङ्घीय ऐन लागू गर्ने क्रममा धार्मिकस्थल, शिक्षण संस्थाका वरिपरि पाँच सय मिटरमा मदिरा, सुर्तीजन्य पदार्थको बिक्री बन्द गर्ने सोच राम्रो हुन सक्छ। तर यसको व्यावहारिक, अव्यावहारिक पक्षहरूका बारेमा पनि अध्ययन अनुसन्धान गरिएको भए राम्रो हुने थियो। किनभने सरकारले सार्वजनिक स्थानमा सुर्तीजन्य पदार्थको सेवनमा प्रतिबन्ध लगाएको दशकौं भइसक्यो, वीरगंज महानगरमा यो कार्यान्वयनमा आउन सकेको छैन। महानगरका धार्मिकस्थल, शिक्षण संस्थाहरूमा खुलेयाम मदिरा, सुर्तीजन्य पदार्थ बिक्री हुँदै आएका छन् । महानगरले सर्वप्रथम यो कार्यमा रोक लगाउन सक्नुपर्‍यो । पुराना विकृति हटाएको खण्डमा नगरवासीहरूलाई महानगरले राम्रो काम गरेको छ भन्ने आभास हुन्छ। जस्तो कि सफाइको कुरा अहिले महानगरवासी मात्र होइन, बाहिरका मानिसहरूले पनि वीरगंज सफा भएको भनिरहेका छन । हो, यस्तो सूचक दिनुपर्छ, जसले सामान्य मासिनहरू पनि विश्वस्त हुन सकून्।**

# नेपालमा चीनको रणनीति

स्वतन्त्र विचार



विनोद गुप्ता

**यस अवस्थामा नेपालका कम्युनिस्टहरूलाई अब कुन मोडालिटीबाट एक गरियो भने लामो समयसम्म चिनियाँ हितको संरक्षण एवं संवर्द्धन हुन्छ भनेर अन्वेषण र अध्ययन गर्न लागिरहेको निष्कर्ष चीनको बारेमा जानकारी राख्नुहुने विद्वान्हरूको छ, जससँग असहमत हुने कुनै कारण देखिंदैन ।**

नेपालको माओवादी पार्टीको औपचारिक निमन्त्रणमा शुक्रवार माघ १२ गते चिनियाँ कम्युनिस्ट पार्टीको चार सदस्यीय टोली काठमाडौं आइपुगेको छ र यो टोलीले राजनीतिक छलफल गर्ने भनिएको छ। यसभन्दा अगाडि चीनको युनान प्रान्तको सहसचिव सी युगाङको नेतृत्वमा आएको टोलीले नेपालको उपराष्ट्रपतिसँग भेटघाट गरेर फर्केको हो । यो टोली फर्केलगत्तै चीनको बौद्ध सङ्घका उपसभापतिको नेतृत्वमा आएको टोलीले लुम्बिनीमा लुम्बिनी विकास कोषको उपाध्यक्षसँग भेटघाट गरी लुम्बिनी विकास गुरूयोजनालाई के सहयोग गर्न सकिन्छ भन्नेबारे छलफल गरेको थियो। यसैगरी, २६ जनवरीका दिन सुन हाइयान नेतृत्वको अर्को टोली नेपाल र चीनको 'पार्टी टु पार्टी' सम्बन्ध बलियो बनाउन छलफल गर्‍यो। कोभिडपछि र खासगरी सबै नाका खोलिएपछि चिनियाँ टोली नेपाल आउने मात्र होइन, नेपालको राजनीतिक दलका नेताहरूलाई चीन बोलाउने गतिसमेत अत्यन्त तीव्र भएको छ।

उपप्रधानमन्त्री, उपसभामुख, प्रधानन्यायाधीश तथा प्रधानसेनापतिका साथै एमाले र माओवादीतर्फबाट करीब एक दर्जन टोली चीन भ्रमण गरेर फर्किसकेको छ । अहिले नेपालमा भ्रमणको लागि आउने अमेरिकी र चिनियाँ टोलीको सङ्ख्या करीब उस्तै छ। फरक के भने नेपालबाट अमेरिका टोली भने गइरहेको छैन । भारतबाट भने यस्तो भएको छैन। तर यहाँ सबैभन्दा रोचक र दुःखद कुरा के छ भने यस्तो भ्रमणामा के कुरा हुन्छ, त्यसको आधिकारिक जानकारी कर्मचारीतन्त्रलाई हुँदैन अर्थात् यस्ता टोलीहरूमा हुने भेटघाटमा नेपालका परराष्ट्र मन्त्रालयको सहभागिता हुँदैन। र कतिपय बैठकको त जानकारीसमेत हुँदैन ।

चीन र अमेरिकाको यस्तो भ्रमणको उद्देश्यको सम्बन्धमा चीनको विषयमा जानकारी राख्नेहरूका अनुसार नेपालले अमेरिकाको एमसिसी अनुमोदन गर्नु र भारतसँग नेपाल र अमेरिका दुवैको सम्बन्ध प्रगाढ हुनु र चीनको बिआरआई प्रोजेक्टले फड्को मार्न नसक्नुलाई नै यसको कारण मानेको बुझिन्छ। यसका साथै भारतसँग भएको १० हजार मेगावाट विद्युत् आपूर्तिको सम्झौता, नेपालमा भारतीय राजदूतावासले सरकारमार्फत नै भएपनि स्थानीय निकायलाई दिने सहयोग राशिमा अप्रत्याशित वृद्धिका साथै अब आएर निजगढ विमानस्थलको निर्माण एवं सञ्चालनका साथै, त्रिभुवन विमानस्थलका साथै, प्रयोगविहीन अवस्थामा रहेको पोखरा तथा भैरहवा विमानस्थलको सञ्चालनको जिम्मेवारीसमेत भारतको अग्रणी समूहलाई दिन लागिएको समाचारले नेपालका प्रधानमन्त्री प्रचण्ड भारततिर लम्पसार परेको चिनियाँ विश्लेषण छ। विद्युत्को यो सम्झौतापछि भारतीय विद्युत् उत्पादकहरू, जसमा अडानी समूह अग्रणी छ, ले नेपालका उत्पादकहरूसँग वर्षात्मैं समेत राम्रो मूल्य तिरेर क्षमताभन्दा बढी उत्पादन हुने करीब १० प्रतिशतले हुन आउने करीब २०० मेगावाट अतिरिक्त ऊर्जा किन्ने प्रस्तावसमेत पठाएको र मेरो सोचमा धेरैअगाडि नेपाली टोलीलाई भारतीय मन्त्री नितिन गड्करीले दिएको पञ्चेश्वरको लगानीको मोडेलमा परिवर्तन गर्नुपर्ने सुझाव र वर्तमानमा प्रधानमन्त्रीले नयाँ डिपिआर बनाउन दिनुभएको निर्देशनमा केही न केही सम्बन्ध छ र नयाँ डिपिआरमा निजी क्षेत्रबाट समेत लगानी गर्न पाउने व्यवस्था गरिएमा यसमा पनि अडानी समूह संलग्न हुन सक्छ। पञ्चेश्वरको निर्माणले भारतीय प्रधानमन्त्रीलाई उहाँले कोप २६ मा गरेका सन् २०५० सम्ममा कार्बन उत्सर्जन नेट शून्यमा झार्ने प्रतिबद्धता जीवाश्म इन्धनबाट उत्पादन भइरहेको ऊर्जाको परिमाण नघटाइ पूरा हुन सक्छ। त्यसैले यसमा यस प्रकारको सम्झौता आउँदा दिनहरूमा भएमा यसमा आश्चर्य मान्नुपर्ने छैन । हुनत कमरेड प्रचण्डले आफ्नोतर्फबाट नेपालको परम्परागत 'एक चीन नीति'को सट्टा ताइवानमा राष्ट्रपतिको निर्वाचनपछि नेपाल 'ताइवानको स्वतन्त्रताको पक्षमा नरहेकोले यस्तो एक चीन सिद्धान्तलाई अङ्गीकार' गरेको छ भनेर चीनलाई आश्वस्त पार्ने प्रयास गरेका छन् तर यसले गठबन्धनमैं विवाद जन्माएको छ। प्रचण्डको यो भनाइप्रति नेपाली काङ्ग्रेसले आफ्नो आपत्ति जनाइसकेको छ भने भर्खरै भएको राष्ट्रियसभाको चुनावबाट गठबन्धनबाट प्रस्तावित उम्मेदवारमध्ये काङ्ग्रेसको उम्मेदवार जित्नु र माओवादीको उम्मेदवार हार्नुले गठबन्धनमा पुनः सम्बन्धको समीक्षा हुने भएको छ।

भारत, अमेरिका र चीनमध्ये भारत र अमेरिकाबीचको बढ्दो सम्बन्धका कारण चीन चिन्तित छ । श्रीलङ्काको भारतसँगको सम्बन्ध सुधार र अमेरिकाले श्रीलङ्कामैं अर्को ठूलो बन्दरगाह बनाइदिने भएपछि चीनसँग उसको सम्बन्ध समदूरीको भएको छ, भुटानसँग उसको मित्रता बढाउने प्रयासमा भारतले अवरोध गरेको छ भने बङ्गलादेशसँगको सम्बन्ध पनि समदूरीकै अवस्थामा छ । पाकिस्तानको आर्थिक अवस्था यति खराब छ कि चीन स्वयंले त्यहाँ थप लगानी नगर्ने निर्णय गरिसकेको छ। अब रह्यो नेपाल जहाँ उसले कम्युनिस्ट एकीकरण गरेर सरकार बनाउन लगायो तर त्यो चल्न सकेन।

यस अवस्थामा नेपालका कम्युनिस्टहरूलाई अब कुन मोडालिटीबाट एक गरियो भने लामो समयसम्म चिनियाँ हितको संरक्षण एवं संवर्द्धन हुन्छ भनेर अन्वेषण र अध्ययन गर्न लागिरहेको निष्कर्ष चीनको बारेमा जानकारी राख्नुहुने विद्वान्हरूको छ, जससँग असहमत हुने कुनै कारण देखिंदैन । त्यस कारण २०२४ डिसेम्बरमा माधव नेपाल र त्यसको एक वर्षपछि शेरबहादुर देउवा पुनः नेपालको प्रधानमन्त्री हुने वा नहुने कुरा चिनियाँ रणनीतिको सफलता वा असफलतामाथि भर पर्छ।

# सामाजिक सुरक्षा कोषमा मधेस प्रदेशका ४७ स्थानीय तह आबद्ध

धनुषा, २२ माघ/रासस

मधेस प्रदेशका महोत्तरी, धनुषा र सर्लाही जिल्लाका स्थानीय तह सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारीको उपस्थितिमा ती तीन जिल्लाका ४७ स्थानीय तहका प्रमुख र कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले आइतवार समझदारीपत्रमा हस्ताक्षरसमेत गरे ।

सो अवसरमा मन्त्री भण्डारीले भने–"स्थानीय तह सेवाप्रवाहको सबैभन्दा प्रभावकारी सरकार हुन् । संविधानमा व्यवस्था भएको जनताको रोजगारसम्बन्धी हक कार्यान्वयन गर्न र जनतालाई रोजगार तथा स्वास्थ्य सेवासम्बन्धी न्यूनतम अधिकार सुनिश्चित गर्न स्थानीय तहहरूले सामाजिक सुरक्षा कोषसँग समझदारी गरेर अघि बढेको छ। कोषबाट प्रवाह हुने सेवा सुविधाको दायरा फराकिलो पार्नेलगायत कानूनी र व्यावहारिक समस्या समाधान गर्नुपर्ने छ भने त्यसका लागि मन्त्रालय तयार छ।" उनले कोषको दायरा फराकिलो पार्न जनकपुर क्षेत्रमा कोषको सम्पर्क कार्यालय तत्काल स्थापना गर्न लागिएको जानकारी दिए। "कोषमा स्थानीय तहको प्रतिनिधित्व बढिरहेको छ । कोषमा स्थानीय तहको प्रतिनिधित्वको व्यवस्था छैन । अब कानूनमा संशोधन गरेर गाउँपालिका महासङ्घ र नगरपालिका सङ्घको पनि प्रतिनिधित्व रहने व्यवस्था गर्नुपर्नेछ"–मन्त्री भण्डारीले भने ।

कोषका कार्यकारी निर्देशक अधिकारीले कोषले सञ्चालन गर्ने योजनाबारे स्थानीय तहसहितका सरोकारवालाको समान धारणा आएकोमा खुशी लागेको बताए। असुरक्षा भएको ठाउँमा नै सामाजिक सुरक्षा कोष हुनुपर्ने जनाउँदै उनले स्थानीय तहहरूले देखाएको तत्परताबाट थप उत्साही भएको उल्लेख गरे ।

"जहाँ असुरक्षा छ, त्यहाँ सुरक्षा कोष चाहिन्छ । सामाजिक सुरक्षा कोषले जुनसुकै अवस्थामा पनि आयको निरन्तरताको परिकल्पना गरेको छ । स्थानीय तहले कोषका योजनामा सहभागी भएर कार्यान्वयनमा जुन तत्परता देखाउनुभएको छ, त्यसले हामीलाई थप उत्साही बनाएको छ"–कार्यकारी निर्देशक अधिकारीले भने ।

सो अवसरमा कोषका निर्देशक कृष्ण अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै सामाजिक सुरक्षा कोषका विभिन्न योजनाबारे जानकारी गराएका थिए । कोषका निर्देशक उत्तम नेपालले यस अघि नै देशभरका ४३ स्थानीय तहले कोषसँग समझदारी गरेर काम अघि बढाइसकेको जानकारी दिए ।

सो अवसरमा धनुषाको क्षीरेश्वरनाथ नगर प्रमुख सुखदेव यादवले कोषबाट प्राप्त हुने योजना आफ्नो नगरपालिकाभित्रका जनताको लागि उपयुक्त हुने ठानेर समझदारी गरेको जानकारी दिए ।

महोत्तरीको बर्दिवास नगरपालिकाका प्रह्लादकुमार क्षत्रीले अनौचारिक क्षेत्रका श्रमिकको लागि कोषका कार्यक्रम निकै उपयोगी हुने देखिएपछि आफ्नो नगरपालिकाले पनि कोषसँग समझदारी गरेको जानकारी दिए ।

सामाजिक सुरक्षा कोषसँग समझदारी गरेपछि स्थानीय तहहरूले विशेष गरेर तीन प्रकारले कोषको कार्यक्रम कार्यान्वयनमा अघि बढ्न सक्छन्।स्थानीय तहले आफ्ना करारका कर्मचारीलाई कोषमा योगदान गर्ने, पालिकाभरिका श्रम ऐन लागू हुने क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गर्नेगरी बाध्यकारी व्यवस्था गर्न सक्छन् । यस्तै, स्थानीय तहले पालिकाभरिका अनौपचारिक क्षेत्रका श्रमिकलाई सम्बन्धित पालिकाले रकम नै हालेर पनि कोषमा आबद्ध गराउन सक्छन् ।

कोषका अनुसार सम्झौताबमोजिम कृषि, निर्माण, यातायात र घरेलु श्रमिकसहित स्वरोजगारी व्यक्तिले सरकारले तोकेको आधारभूत पारिश्रमिक १० हजार आठ सय २० को ११ प्रतिशत हुन आउने रु एक हजार एक सय ९० मासिक योगदान गर्नुपर्छ ।

यसमा स्थानीय तहले उक्त रकमको ९.३७ प्रतिशत अर्थात् रु एक हजार १३ को योगदान गर्नेछन् । यसबाट विभिन्न योजनामा श्रमिकले सुविधा पाउने छन्। औषद्योपचार, स्वास्थ्य र सुरक्षित मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजना अन्तर्गत योगदानकर्ताले सुविधा पाउने छन् ।

# पर्यटन प्रवर्द्धनका लागि 'सडक खाना महोत्सव'

महोत्तरी, २२ माघ/रासस

यहाँको परिचय विस्तार र स्थानीय परिकारबारे चासो बढाउन महोत्तरीका होटल तथा पर्यटन व्यवसायी सङ्घ 'सडक खाना महोत्सव'मा जुटेका छन् ।

आगामी फागुनको पहिलो सातादेखि मुख्य सडकका पेटीमा खाना महोत्सव आयोजना गर्न लागिएको सङ्घले जनाएको हो । फागुन ५, ६ र ७ गते बर्दिवासमा आयोजना हुने महोत्सवमा मधेसका विशिष्ट परिकारले पाहुनाको स्वागत गरिने सङ्घका अध्यक्ष गुञ्जबहादुर कार्कीले बताए । उनका अनुसार पूर्व–पश्चिम र बिपी राजमार्ग (बर्दिवास–सिन्धुली–बनेपा राजमार्ग) को सङ्गमस्थलमा महोत्सव हुनेछ।

सामान्यतया सडकयात्रीका लागि खानपिनको गन्तव्य रहँदै आएको बर्दिवासमा आयोजना हुने सडक खाना महोत्सवमा मधेसका विशिष्ट परिकारको व्यवस्था गरिने सङ्घले जनाएको छ ।

"महोत्सवभरि सडकपेटीमैं व्यवस्थितरूपले विभिन्न परिकार पस्कन्छौं । सँगसँगै जोडिएर रहने ५० खानाका स्टलमा पाहुनाले घुमीघुमी परिकारबारे जानकारी लिन र स्वाद बुझ्न सक्नुहुनेछ," सङ्घका महासचिव नारायण घिमिरेले भने, "महोत्सव स्वस्थकर खानाका परिकारबारे जानकारी दिने उद्देश्यले आयोजना गर्न लागिएको हो।" उनका अनुसार खानाका परिकार, स्वाद, गुण र फाइदाबारे जानकारी गराइनेछ ।

घिमिरेले भने, "महोत्सवमा आन्तरिक र बाह्य पर्यटकले मधेसको पहिचान, स्वाद र न्यानो स्वागतको अनुभूति लिनुहुनेछ ।" उनका अनुसार महोत्सवमा सहभागी पाहुनाले २० देखि ४० प्रतिशतसम्म छुट पाउनेछन् भने विविध सांस्कृतिक कार्यक्रमसमेत हुनेछन्।

जिल्लामा पहिलोपटक आयोजना गर्न लागिएको सडक खाना महोत्सवमा स्वस्थकर, स्वच्छ र स्वादिष्ट खाना एकै ठाउँमा छानीछानी पाहुनाले रमाउँदै खान पाउने तयारी गरिने सङ्घले जनाएको छ । यो कार्यक्रमको उद्देश्य स्थानीय परिकारको प्रचारप्रसार गर्नुका साथै पर्यटन प्रवर्द्धनमा सहयोग पुर्‍याउनु रहेको महासचिव घिमिरेले जानकारी दिए।

बर्दिवास उद्योग वाणिज्य सङ्घ, होटल तथा पर्यटन व्यवसायी सङ्घ र बर्दिवास नगर पत्रकार सञ्जालले पर्यटन प्रवर्द्धनका लागि गन्तव्य पहिल्याउने

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# नमिलेका कुरा मिलाएर सङ्क्रमणकालीन न्यायसम्बन्धी विषय टुङ्गो लगाउनुपर्छ –अध्यक्ष ओली

जनकपुरधाम, २२ माघ/रासस

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले बेपत्ता पारिएका व्यक्तिको छानबीन, सत्यनिरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकमा नमिलेका कुरा मिलाएर सङ्क्रमणकालीन न्यायका विषय टुङ्गो लगाउनुपर्ने बताएका छन्।

एमाले महोत्तरी जिल्ला अधिवेशनको उद्घाटनका लागि जलेश्वर जाने क्रममा सोमवार बिहान जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष ओलीले पीडितलाई न्याय दिने गरी विधेयक अगाडि बढाउन आफ्नो पार्टीको विमति नरहेकोसमेत प्रस्ट पारे।

"मस्यौदामा केही नमिलेका कुरा छन्। पीडितहरूले न्याय पाउने, अन्तर्राष्ट्रिय समुदायलाई स्वीकार्य हुने र सर्वोच्च अदालतको फैसलासमेतलाई आधार मानेर सङ्क्रमणकालीन न्यायका विषयको टुङ्गो लगाउनुपर्छ," अध्यक्ष ओलीले भने, "मानव अधिकारको रक्षा र दण्डहीनतालाई प्रश्रय नहुने गरी कानून बन्नुपर्नेमा हाम्रो जोड हो। ती कुरा मिलाएर पास गर्नुपर्छ भनेर हामीले कुरा राखिरहेका छौं।"

प्रदेश सरकारलाई बाँकी अधिकार दिने सम्बन्धमा सञ्चारकर्मीले राखेका जिज्ञासामा अध्यक्ष ओलीले प्रदेशले आफ्नो अधिकारको कुरा गर्दा स्थानीय तहलाई बिर्सिन नहुने धारणा राखे। उनले पाएका अधिकारको सही सदुपयोग गरेमा जनता आफैंले प्रदेशका अधिकारका कुरा उठाउने भन्दै त्यो विश्वास जगाउन प्रदेश सरकारले काम गर्न नसकेको पनि आरोप लगाए।



जनकपुरधाम विमानस्थलमा पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई स्वागत गर्दै नेता, कार्यकर्ता। तस्वीरः रासस

"प्रहरी र कर्मचारी नभएकाले प्रदेशले काम गर्न नसकेको गुनासो मैले पनि सुनेको छु," ओलीले भने, "सङ्घीयताको सबलीकरणका लागि प्रदेशले राम्रो काम गर्न लाग्नुपर्छ। जनताले प्रदेश चाहिएन भनेर प्रश्न उठाउने ठाउँ दिनुहुँदैन।"

त्यस्तै, अध्यक्ष ओलीले पूर्वराजाका गतिविधिलाई राजनीतिक दल खोल्ने तयारीको पूर्वअभ्यासका रूपमा टिप्पणी गर्दै त्यसबारे कसैले चिन्ता गर्न जरुरी नरहेको धारणासमेत राखे।

# मतदाता नामावलीमा नाम दर्ता गर्न आह्वान

काठमाडौं, २२ माघ/रासस

निर्वाचन आयोगले विभिन्न तहमा रिक्त उपनिर्वाचनका लागि मिति तोक्नुभन्दा अगाडि मतदाता नामावलीमा छुटेका योग्य नेपाली नागरिकलाई आफ्नो नाम दर्ता गर्न आह्वान गरेको छ।

ती पदमा उपनिर्वाचनद्वारा पदपूर्ति गर्न नेपाल सरकारसँग परामर्श गरी उपयुक्त समयमा कानूनबमोजिम उपनिर्वाचनका लागि मिति तोक्नेगरी आन्तरिक तयारी प्रारम्भ गरिएको आयोगले जनाएको छ। विभिन्न कारणले मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका देशभरका नागरिकका साथै विशेषगरी पद रिक्त भएका सम्बन्धित स्थानीय तह, प्रदेशसभा निर्वाचन क्षेत्र र प्रतिनिधिसभा निर्वाचन क्षेत्रभित्रका योग्यता पुगेका नागरिकलाई उपनिर्वाचनको मिति घोषणा हुनुपूर्व नै मतदाता नामावलीमा नाम दर्ता गर्न आयोगले आज आग्रह गरेको हो।

गत २०७९ वैशाख १० गते स्थानीय तह निर्वाचन तथा २०७९ मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको




निर्वाचन सम्पन्न भएपश्चात् विभिन्न स्थानीय तह, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य गरी २३ पद रिक्त भएको थियो।

मतदाता नामावली ऐन, २०७३ को दफा ४ (२) बमोजिम निर्वाचनको मिति तोकिएपछि सोही मितिदेखि उक्त निर्वाचन प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य स्थगित गर्नुपर्ने कानूनी व्यवस्था छ। आयोगले नियमितरूपमा प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमार्फत मतदाता नामावली दर्ता गर्ने कार्य गर्दै आएको छ। साथै नागरिकको सहजताका लागि बाहृय जिल्लाबाट मतदाता नामावली दर्ता गर्न सकिने सुविधासमेत उपलब्ध गराएको छ। मतदाता दर्तासम्बन्धी विद्यमान कानूनी व्यवस्थाबमोजिम देशभरका योग्यता पुगेका सबै नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता भएकै छ भन्नेमा आयोग विश्वस्त रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

# काठमाडौं–दिल्ली–काठमाडौं मार्गको हवाई उडानमा क्यान्सरपीडितलाई छुट

काठमाडौं, २२ माघ/रासस

नेपाल वायुसेवा निगमले क्यान्सरपीडित बिरामीलाई काठमाडौं–दिल्ली–काठमाडौं मार्गमा निश्शुल्क हवाई सेवा प्रदान गर्दै आएको जनाएको छ। सामाजिक उत्तरदायित्व अन्तर्गत निगमले उक्त मार्गमा हवाई भाडादरमा क्यान्सरका बिरामीलाई शतप्रतिशत र कुरुवालाई ५० प्रतिशतसम्म छुट प्रदान गर्दै आइरहेको निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिए।




"विश्व अर्बुदरोग दिवस (विश्व क्यान्सर दिवस)का सन्दर्भमा यो रोग लाग्नबाट बचौं र बचाऔं भनी ऐक्यबद्धता जनाउँदै निगमको सामाजिक उत्तरदायित्व अन्तर्गत सम्बद्ध परिवारलाई थोरै भएपनि राहत पुगोस् भनी नेपाल वायुसेवा निगमले चिकित्सकको रिपोर्ट र नेपाल क्यान्सर राहत समाजको सिफारिशका आधारमा निगमको काठमाडौं–दिल्ली–काठमाडौं सेक्टरको हवाई भाडादरमा अर्बुदरोग भएका बिरामीलाई शतप्रतिशत र कुरुवालाई ५० प्रतिशतसम्म छुट प्रदान गर्दै आइरहेको जानकारी गराउँछौं," निगमद्वारा प्रकाशित विज्ञप्तिमा उल्लेख गरिएको छ।

# छ महीनामैं सडक दुर्घटनामा धेरै मानवीय क्षति

महोत्तरी, २२ माघ/रासस

सडक दुर्घटनामा हुने मानवीय क्षतिको सङ्ख्या बर्सेनि बढ्दै छ। आर्थिक वर्ष २०८०/८१ का बितेका छ महीनामा मधेसमा सडक दुर्घटनामा परी २५५ जनाले ज्यान गुमाएका थिए। सो अवधिमा भएका साना तथा ठूला चार हजार ४७७ सडक दुर्घटनामा पाँच हजार ६६ जना घाइते भएका बाराको पथलैयास्थित मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

सोही अवधिमा सडक दुर्घटनामा परी महोत्तरीका ३१ जनाले ज्यान गुमाएका थिए। जिल्लाका विभिन्न स्थानमा भएका २६५ वटा सडक दुर्घटनामा अङ्गभङ्ग भई घाइते हुने ३२५ पुगेकामा ८४ जना त सख्त घाइते भई अझै सकसपूर्ण अवस्थामा रहेका महोत्तरी जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख रामभक्त भट्टराईले बताए।

सडक दुर्घटनामा ज्यान जाने र घाइते हुनेमा बढीजसो ३० वर्षमुनिका युवा रहेका र तीमध्ये धेरैजसो मोटरसाइकल दुर्घटनामा परेका उनको भनाइ थियो। सवारीसाधन चलाउने दक्षता र सोसम्बन्धी अनुमतिपत्रबेगर नै मोटरसाइकल चलाउने बढी दुर्घटनामा परेका ट्राफिक प्रहरीको अभिलेखमा उल्लेख छ। विशेषगरी युवा उमेरका मोटरसाइकल चालकले मादकपदार्थ सेवन गरेर द्रुतगतिमा सवारीसाधन चलाउँदा दुर्घटना बढी भएका देखिएको प्रमुख भट्टराईको भनाइ थियो।

"हामीले निरन्तर जाँच गर्ने, कारबाई गरी जरिवाना तिराउने र अन्य सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएका छौं," उनले भने, "तर दुर्घटना न्यूनीकरण भएका छैनन्।" जाडोयाममा बाटो नदेखिने गरी लाग्ने बाक्लो हुस्सु पनि दुर्घटनाका कारण रहेको ट्राफिक प्रहरीको भनाइ थियो। महोत्तरीमा बितेका छ महीनामा कुल २३ हजार ३४८ सवारीसाधन कारबाईमा परेकामा सबैभन्दा बढी १२ हजार ५२८ मोटरसाइकल परेका थिए।

यसैगरी, चार हजार ८२८ कार तथा जीप र चार हजार ९८ ट्रक कारबाईमा परेकामा तिनबाट रु एक करोड ९१ लाख ९६ हजार पाँच सय जरिवाना असुल गरिएको थियो।

# नेप्से परिसूचक बढ्यो

काठमाडौं, २२ माघ/रासस

यो साता कारोबारको पहिलो दिन सामान्य अङ्कले घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दोस्रो दिन सोमवार भने दोहोरो अङ्कले बढेको छ। आज नेप्से परिसूचक १४ दशमलव ५७ अङ्कले बढेर दुई हजार ७६ दशमलव २७ को बिन्दुमा कायम भएको हो।

आज शेयर बजारमा भएको कारोबार रकम रु दुई अर्ब ४३ करोड ८० लाख ५८ हजार २५४ बराबर छ। ३१० कम्पनीका ७४ लाख ९१ हजार ३०३ कित्ता शेयर ५६ हजार ७७६ पटक किनबेच भएका हुन्।

होटल तथा पर्यटन समूह शून्य दशमलव २०, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ०९, म्युचुअल फन्ड शून्य दशमलव ०६ र निर्जीवन बीमा समूह शून्य दशमलव ४१ प्रतिशतले घटेका छन्। अरू सबै समूहका उपसूचक बढेका छन्। सबैभन्दा धेरै अन्य समूहको उपसूचक चार दशमलव ६८ प्रतिशतले बढेको छ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र पिपुल्स पावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा छ दशमलव ७८ प्रतिशतको गिरावट देखिएको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु १८ करोड ५९ लाख ५१४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने ङादी पावर लिमिटेडको चार लाख ४७ हजार ६६७ कित्ता शेयर किनबेच भएका छन्।

# आगो ताप्दा सासू र बुहारीको मृत्यु

डडेल्धुरा, २२ माघ/रासस

जिल्लाको अमरगढी–१ मा गएराति आगो ताप्ने क्रममा निसास्सिएर दुईजनाको मृत्यु भएको छ। मृत्यु हुने सासू र बुहारी हुन्। एउटै कोठामा सुतेका सासू र बुहारीले चीसो छल्न आगो बालेका थिए।

सोही आगोको कोइलाका कारण निसास्सिएर मृत्यु भएको हुन सक्ने अनुमान गरिएको छ। मृत्यु हुनेमा अमरगढी नगरपालिका–१ मालम बस्ने ६० वर्षीया धौलीदेवी दियाल र २६ वर्षीया पूनम दियाल रहेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कुसुम नायकले जानकारी दिए।

उनका अनुसार राति कोठामा आगोको कोइला ताप्ने क्रममा निसास्सिएर उनीहरूको मृत्यु भएको खुलेको छ। बेहोश अवस्थामा फेला परेका दुवैलाई घरपरिवार र आफन्तको सहयोगमा अस्पताल पुऱ्याइएको थियो। अस्पतालमा चिकित्सकले मृत घोषणा गरेका थिए। यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।



**पेदिगाउँः** रूकुम पश्चिमको सानीभेरी गाउँपालिका–३ मा रहेको पेदिगाउँ। सानीभेरी नदी किनारामा रहेकोले सिंचाइको राम्रो सुविधा हुँदा गाउँमा कृषिजन्य उत्पादन पनि राम्रो हुने गरेको छ। तस्बिरः बलबहादुर ओली/रासस

# तीन कविलाई व्यथित काव्य सम्मान



काठमाडौं, २२ माघ/रासस

साहित्यिक पत्रकार सङ्घले समकालीन कविहरू श्रवण मुकारुङ, कृसु क्षेत्री र गीता कार्कीलाई सम्मान गरेको छ। आज नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति वरिष्ठ कवि बैरागी काँइलाले कवि मुकारुङलाई वर्ष २०७५, क्षेत्रीलाई वर्ष २०७७ र कार्कीलाई वर्ष २०७९ को व्यथित काव्य सम्मान प्रदान गरे।

सङ्घका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा विशिष्ट अतिथि वरिष्ठ समालोचक प्राडा लक्ष्मणप्रसाद गौतमले सम्मान पाउने कविहरूको परिचय गराएका थिए।

कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ कवि बैरागी काँइला, अध्यक्ष राधेश्याम लेकाली, कविहरू श्रवण मुकारुङ, कृसु क्षेत्री र गीता कार्कीले मन्तव्य राखेका थिए।

# मौसम पूर्वानुमानमा फिनल्यान्डबाट नेपालले सिक्नुपर्ने पाठ

रमेश लम्साल
हेलसिन्की (फिनल्यान्ड), २२ माघ/रासस

दक्ष जनशक्ति, सूचना प्रविधिको सहज र अधिकतम प्रयोग र सरकारको स्पष्ट लगानी हुने हो भने मौसमसम्बन्धी वस्तुनिष्ठ जानकारी दिन सकिन्छ भन्ने खास उदाहरण बनेको छ युरोपेली देश फिनल्यान्ड ।


तस्वीरः रासस

जलवायु परिवर्तनको असर विश्वव्यापीरूपमा परिरहेको छ। यसले संसारलाई नै सङ्कटको डिलमा पुऱ्याइदिएको छ। सङ्कट एकपछि अर्को गर्दै बढिरहेको छ। यस्तो बेला आम नागरिकलाई सही र वस्तुनिष्ठ सूचना दिनु राज्यको कर्तव्य नै बनिरहेको छ।

डिलमा आइपुगेको सङ्कटबाट जोगिनका लागि पनि नयाँनयाँ उपाय खोज्नु उत्तिकै अत्यावश्यक छ। फिनल्यान्ड त्यस्तो देश हो, जसले संसारभरका एक सय बढी देशमा मौसम विज्ञान तथा यससँग सम्बन्धित विषयमा आफ्नो अनुभव मात्रै साझा गरेको छैन, सहकार्यको हातसमेत अगाडि बढाएको छ। कति बेला पानी पर्छ, कति बेला हिउँ पर्छ। सुरक्षित नागरिक उड्डयनका लागि के कस्ता उपाय अँगाल्नुपर्छ। समुद्री यात्रा कसरी सुरक्षित बनाउनेलगायत मौसम प्रणालीसँग जोडिएका हरेक विषयमा फिनल्यान्डले अँगालेको ढाँचा आम विश्वका लागि समेत अनुकरणीय बन्दै गएको छ।

आफूहरूले यस क्षेत्रमा गरिरहेको काम र नेपालसँग सहकार्यका विषयमा जानकारी गराउने र भावी रणनीति तय गर्ने उद्देश्यका साथ नेपाली प्रतिनिधिमण्डलले यही माघ १५ देखि १७ गतेसम्म फिनल्यान्डको भ्रमण गरेको थियो। त्यहाँको परराष्ट्र मन्त्रालयको संयोजनमा फिनिस मेट्रोलोजिकल इस्टिच्युट (एफएमआई)ले आयोजना गरेको तीन दिवसीय कार्यक्रममा दिइएको जानकारी अनुसार साझा प्रयासबाट मात्रै मौसम पूर्वानुमान र यस क्षेत्रसँग जोडिएका अनेकन काम अगाडि बढाउन सकिन्छ।

प्रविधिको प्रयोग उत्तिकै आवश्यक छ। त्यसका लागि दक्ष जनशक्ति अपरिहार्य नै छ। राज्यले पनि यस क्षेत्रमा उल्लेख्य मात्रामा लगानी गर्नु जरूरी छ। सरोकारवाला निकायले पनि उत्तिकै सहयोग, सहकार्य र समन्वय जुटाउनु आवश्यक रहन्छ। जलवायु परिवर्तनका कारण उत्पन्न भएको सङ्कटसँग लड्नका लागि पनि मौसम पूर्वानुमानको विषय आफैंमा अहम् रहन पुगेको छ।

फिनिस मेट्रोलोजिकल इस्टिच्युट आफैंमा स्वायत्त संस्था हो। यसले आफूलाई एक सेवाग्राही र व्यावसायिक संस्थाका रूपमा पनि स्थापित गरेको छ। एक सयजना बढी दक्ष जनशक्ति मौसम पूर्वानुमानका लागि खटेका छन्। नेपालको जल तथा मौसम विज्ञान विभागमा मौसम पूर्वानुमानका लागि मात्रै १० जना जनशक्ति कार्यरत छ। प्रविधिका हिसाबले नेपालमा अत्याधुनिक उपकरण जडान भएको भए पनि यथेष्ट जनशक्ति उपलब्ध हुन नसक्दा अपेक्षित परिणाम हासिल हुन सकेको छैन।

विभागका महानिर्देशक जगदीश्वर कर्माचार्यका अनुसार मौसम विज्ञान आफैंमा एउटा रणनीतिक महत्त्वको क्षेत्र हो। यसमा जनशक्तिका साथसाथै प्रविधिको प्रयोग पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ। नेपालमा पनि मौसम पूर्वानुमानलाई भरपर्दो र व्यवस्थित बनाइएको छ। पछिल्लो १० वर्षमा यस क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ। विश्वमा उपलब्ध भएका अत्याधुनिक प्रविधिको प्रयोग पनि गरिएको छ। दक्ष जनशक्तिको अभाव भने कायमै छ।

विभागको क्षमता अभिवृद्धिमा फिनल्यान्डले महत्त्वपूर्ण सहयोग गर्दै आएको जानकारी दिंदै उनले भरपर्दो र वैज्ञानिक मौसम पूर्वानुमानका लागि थप अझै धेरै काम गर्न बाँकी रहेको बताए। फिनिस मेट्रोलोजिकल इस्टिच्युट मातहत मौसम पूर्वानुमानका अलावा विभिन्न संयन्त्रबाट प्राप्त हुने तथ्याङ्कको विश्लेषण गर्ने, सम्बन्धित सेवाग्राहीलाई सूचना प्रदान गर्ने छुट्टाछुट्टै निकाय क्रियाशील छ। त्यसले समग्र मौसम र जलवायुबारे गहिरो अध्ययन गर्छ।

बाढी पहिरो, आगलागी, वर्षा, सुनामी र हवाई उड्डयनबारे सूचना सङ्कलन गर्ने, विश्लेषण गर्ने फरकफरक संयन्त्र क्रियाशील छन्। प्रचारप्रसारका लागि उत्तिकै बलियो संयन्त्र पनि सँगै छ। त्यस संयन्त्रले आम सञ्चार माध्यमका लागि सहजरूपमा सूचना उपलब्ध गराउँछ। व्यावसायिक उद्देश्यले सञ्चालनमा रहेका संस्थालाई भने निश्चित रकम लिएर मात्रै तथ्य तथ्याङ्क उपलब्ध गराउँछ।

फिनिस मेट्रोलोजिकल इन्स्टिच्युट कानूनद्वारा सञ्चालित संस्था हो। नेपालको मौसम विज्ञान विभाग भने हाल कानून मस्यौदाको क्रममा छ। एउटा महत्त्वपूर्ण संस्था भए पनि हालसम्म यसको कानूनी संरचना भने बन्न सकेको थिएन। ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले यस संस्थाको महत्त्व स्थापित गर्ने र कामकाज थप वैज्ञानिक र समयानुकूल बनाउने उद्देश्यका साथ कानूनी आधार तयार पार्ने काम अगाडि बढेको जानकारी दिए।

एफएमआईलाई बहुवर्षीय र वार्षिकरूपमा बजेट उपलब्ध गराउने कानूनी प्रावधान छ। अधिकार प्राप्त संस्था भएकोले पनि स्वायत्तरूपमा आफैं निर्णय गर्ने र कार्यान्वयन गर्ने अधिकार पनि प्राप्त गरेको एफएमआईका महानिर्देशक पिट्टारी ताल्साको भनाइ छ। उनका अनुसार फिनल्यान्ड सरकारले एफएमआईलाई कुल खर्चको ५८ प्रतिशत बराबर बजेट उपलब्ध गराउँछ।

यस्तै सहलगानी गरेका निकायबाट राजस्वस्वरूप २४ प्रतिशत, व्यावसायिक संस्थाबाट १६ प्रतिशत र यसका अन्य सरोकारवाला निकायबाट एक प्रतिशत बराबर सहयोग प्राप्त गर्ने गरेको छ। सन् २०२३ मा मात्रै संस्थाले ९५.५ मिलियन युरो बराबरको बजेट बनाएर कार्यान्वयनमा ल्याएको थियो। एफएमआई आफैंले आम्दानी गर्ने गरेको छ।

संस्थाको लागि आवश्यक कर्मचारी प्रबन्धका लागि एफएमआईमा नै विशिष्ट निकाय छ। त्यसले दक्ष कर्मचारी चयन गर्ने, थप सीपयुक्त बनाउने, कार्यक्षमताको विकासमा ध्यान दिने तथा कार्य सन्तुष्टि सर्वेक्षण गर्ने र कामलाई पूर्णरूपमा सीपयुक्त बनाउने गरेको छ। संस्थामा ६१.४ प्रतिशत पुरुष र ३८.६ प्रतिशत महिला कर्मचारी कार्यरत छन्। उमेर समूहका आधारमा ३५ देखि ४४ वर्षसम्मका कर्मचारीको सङ्ख्या बढी छ।

एफएमआईले फिनल्यान्डको सैनिकलाई समेत मौसमको समग्र अवस्थाबारे जानकारी दिने गरेको छ। त्यसबाट सैनिक गतिविधि सञ्चालन गर्न, देशको सुरक्षा संयन्त्र सबल बनाउन सहयोग पुगेको छ। यसैगरी हावाको गुणस्तर मापन गर्ने कामसमेत एफएमआईले नै गर्ने गरेको छ। यस संस्थाले दैनिक तीन लाख बढी प्रयोगकर्तालाई समग्र मौसमबारे जानकारी उपलब्ध गराउने गरेको छ।

यस्तै, चट्याङबारे मात्रै छ लाख ९० हजार विवरण उपलब्ध गराएको थियो। फिनल्यान्डभर कुल १७ हजार मौसम पूर्वानुमान केन्द्र सञ्चालनमा छन्। आफ्नै भूउपग्रह पनि सञ्चालनमा छ। सन् २०१७ मा प्रक्षेपण गरिएको अल्टो-१ नामक उक्त भूउपग्रहले मौसमसम्बन्धी सम्पूर्ण जानकारी दिने गरेको छ।

स्थानीय मौसमसम्बन्धी जानकारी दिने 'मोबाइल एप' मात्रै आठ लाख ५० पटक डाउनलोड भएको छ। स्थानीयका आलावा विदेशका लागिसमेत पूर्वानुमान सार्वजनिक गर्ने गरेको छ। मौसमी राडारले पनि आवश्यक काम गरिरहेको छ। चट्याङ पर्दै गरेको जानकारी समेत मोबाइल एपमा नै उपलब्ध हुने गरेको छ। त्यसबाट जनधनको क्षति हुनबाट जोगाउन ठूलो सहयोग पुगेको महानिर्देशक ताल्साको भनाइ छ।

संसारका एक सय बढी देशको समग्र मौसम पूर्वानुमानको क्षेत्रमा समेत एफएमआईले सहयोग आदानप्रदान गरिरहेको छ। सो संस्थाले नेपालको मौसम विज्ञान विभागलाई आधुनिकीकरण गर्न सहायता उपलब्ध गराएको छ। विश्व बैंकको समेत यसमा सहयोग छ।

मौसमको पूर्वानुमान, क्षमता वृद्धि, उपकरण जडान तथा सञ्चालनका अलावा तथ्याङ्क व्यवस्थापनको काममा सो संस्थाले महत्त्वपूर्ण सहयोग गरेको विभागका महानिर्देशक कर्माचार्यको भनाइ छ। फिनल्यान्ड सरकारले नेपालमा तेस्रो चरणको कार्यक्रमसमेत अगाडि बढाउने तयारी थालेको परियोजना निर्देशक जेनी लत्तिकाको भनाइ छ।

क्षमता विकास कार्यक्रममार्फत प्राकृतिक विपद् न्यूनीकरण गर्दै जनधनको क्षति रोक्नका लागि सो कार्यक्रमले थप प्रभावकारी भूमिका खेल्ने विश्वास लिइएको छ। बाढी पहिरो तथा अन्य प्राकृतिक विपद्जन्य क्षति कम गर्नका लागि आन्तरिक क्षमताको विकास जरूरी देखिएको छ। त्यसका लागि विश्व बैंकले ३१ मिलियन अमेरिकी डलर बराबरको सहयोग उपलब्ध गराउने छ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीका अनुसार अत्याधुनिक प्रविधिको प्रयोगलाई बढावा दिने, यस क्षेत्रमा लगानी विस्तार गर्दै वैज्ञानिक र वस्तुनिष्ठ समाधानका लागि सरकार क्रियाशील रहेको छ। सरकारले मौसम विज्ञानको क्षेत्रलाई महत्त्वका साथ अगाडि बढाएको छ। उनले प्रमुखरूपमा क्षमताको विकासलाई नै विशेष ध्यान दिनुपर्ने उल्लेख गर्दै दक्ष जनशक्तिको उपलब्धतालाई पनि उत्तिकै प्राथमिकतामा राखिएको छ।


**नेपालकै लामो झोलुङ्गे पुलः** धनुषाको जनकनन्दिनी गाउँपालिका-६ कठाल र सिराहा नगरपालिका-१३ मलहनियाँ जोड्ने झोलुङ्गे पुल। नेपालकै सबैभन्दा लामो मानिएको एक हजार पाँच सय दशमलव ४४ मिटर लम्बाइ रहेको यो पुल सम्झौता अवधिभन्दा छ महीनाअगावै निर्माण सम्पन्न भई गत बिहीवारबाट आवतजावत खुला गरिएको छ। तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

## फरक समाचार

# के हो विन्टर डिप्रेशन

कठ्याङ्ग्रिदो जाडो र मौसमी बिमारीको बावजूद चीसो मौसम धेरैलाई मन पर्छ किनभने यस मौसममा खेलकूद, कसरत गर्न, स्वादिष्ट खानेकुरा खान सकिन्छ। तर यही मौसममा धेरैजना आफूलाई ऊर्जावान् महसूस गर्दैनन्।



कतिपय मौसम परिवर्तनबाट प्रभावित हुन्छन्। यस्तोमा डिप्रेशनको रूप लिन्छ जसले गर्दा उनीहरूको व्यवहार उदास र ऊर्जाहीन महसूस हुन्छ। यसलाई विन्टर डिप्रेशन भनिन्छ। भारतमा चीसो मौसमको समयमा करीब एक करोड व्यक्ति विन्टर डिप्रेसनको चपेटमा आउने गरेका छन्।

विन्टर डिप्रेशन एक प्रकारको अवसाद हो। जुन मौसममा परिवर्तन र कम घामको कारण हुन्छ। यसलाई सिजनल अफेक्टिभ डिसअर्डर पनि भनिन्छ। एउटा अध्ययन अनुसार जाडो मौसममा सूर्यको प्रकाश सबैलाई मन पर्छ तर यसको कमीको कारण डिप्रेशनको समस्या पनि हुन्छ। जब मौसममा परिवर्तन हुन्छ तब हाम्रो शरीरको बायोलोजिकल क्लकमा पनि बदलाव हुन्छ। यस्तै चीसो मौसममा पनि हुन्छ।

कम घामको कारण सेरोटोनिन लेभलमा कमी आउँदा विन्टर डिप्रेशन हुन सक्छ। स्वास्थ्य विज्ञ अनुसार यसको दुईवटा कारण हुन सक्छ। पहिलो हो घाम उदाउने समय, जसले गर्दा मस्तिष्कमा सेरोटोनिन हार्मोनले हाम्रो सेक्रेशनलाई प्रभावित गर्छ। यो एउटा मूड लाइटनिङ हार्मोन हो, जसलाई हामी ह्याप्पी हार्मोन पनि भन्छौं। यसले मस्तिष्कको लागि न्युरो ट्रान्समिटरको रूपमा काम गर्छ र मूडलाई सीधै प्रभावित गर्छ। यसको स्तरमा कमी आएपछि मानसिक स्वास्थ्यमाथि नकारात्मक असर पर्न थाल्छ र डिप्रेशनको लक्षण बढाउँछ।

चिकित्सकका अनुसार चीसोको असर कम गर्न शरीरलाई न्यानो बनाउनुपर्छ। यसको लागि बढी मात्रामा कार्बोहाइड्रेट जलाउनुपर्छ। जब शरीरमा कार्बोहाइड्रेट अधिक मात्रामा जल्न थाल्छ तब कार्टिसोलको उत्सर्जन अर्थात् सिक्रेशन बढ्छ। कार्टिसोल एउटा नेगेटिभ हार्मोन हो, जुन डिप्रेशनको लागि जिम्मेवार हुन्छ। यसकारण चीसोमा जब कार्टिसोलको मात्रा शरीरभित्र बढ्न थाल्छ तब व्यक्ति उदास र डिप्रेस्ड महसूस गर्छ।

**विन्टर डिप्रेशनको लक्षण**ः प्रायः मन उदास हुने, कुनै काममा मन नलाग्ने, रुचाएको काम गर्न पनि इच्छा नलाग्ने, हरेक समय थकान र ऊर्जाहीन महसूस गर्ने, धेरै निद्रा लाग्ने, ध्यान लगाउन नसक्ने, आत्मविश्वासको कमी, बाँच्ने चाहना समाप्त हुन्छ।

**कसरी जोगिने**ः घामको सम्पर्कमा आउनाले भिटामिन डीको कमी मात्र पूरा हुँदैन, मस्तिष्कलाई सेरोटोनिन नामक हार्मोन जारी गर्न पनि मदत पुग्छ। जसले हाम्रो व्यवहारलाई राम्रो बनाउँछ, चिन्ता कम गर्छ। त्यसकारण धेरैभन्दा धेरै समय घाममा बिताउनुपर्छ।

**नियमित शारीरिक गतिविधि गर्नुपर्छ**ः चीसो मौसममा एकाबिहानै बिछ्यौना छोड्न मन लाग्दैन तर शारीरिक गतिविधिले तपाईंको व्यवहारलाई राम्रो बनाउँछ। नियमित व्यायाम गर्नाले शरीरमा ह्याप्पी हार्मोन उत्पन्न हुन्छ। तसर्थ जतिसुकै उदास भएपनि व्यायाम गर्न छोड्नुहुँदैन।

**सामाजिक गतिविधि बढाउने**ः मित्र र आफन्तको लागि समय निकाल्नुस् र चीसो मौसममा प्रियजनसँग नजीक रहनुस्। यसबाट तपाईंले राम्रो महसूस गर्न सक्नुहुन्छ।

**सकारात्मक बानी बसालौं**ः सेल्फ केयर जस्तो बानीले तपाईंको मानसिक स्वास्थ्यलाई राम्रो बनाउँछ। चीसो मौसममा उदासी हटाउँछ। सकारात्मक बनिरहनको लागि सामाजिक सञ्जाल प्रयोग गरौं, पोषक तत्त्वले भरिपूर्ण खाद्य पदार्थ सेवन गरौं।

# बिहान उठ्दा अनुहार सुनिन्छ

यदि तपाईंको अनुहार पनि सुन्निएको छ भने सावधान हुनुपर्छ। किनभने यो कुनै गम्भीर रोगको पहिलो सङ्केत हुन सक्छ। बिहान उठ्ने बेला अनुहार



सुन्निएको छ भने तुरुन्तै चिकित्सकको सल्लाह लिनुपर्छ र यसको उपचार गराउनुपर्छ। अनुहार सुन्निनु साधारण समस्या भएपनि यसको पछाडि थुप्रै खतरनाक कारण पनि हुन सक्छन्। बिहान उठ्नेबित्तिकै अनुहार सुन्निनुको कारण कुनै भित्री चोट वा रोग हुन सक्छ।

**अनुहार सुन्निनुको कारण**ः निद्रा राम्रो नलाग्दा पनि अनुहार सुन्निन्छ। यसको कारण द्रव्य प्रतिधारण हुन सक्छ। हामी सुत्दा तरल पदार्थ पनि आराम गर्न थाल्छ र त्यो अनुहारको वरपर जम्मा हुन्छ। गलत ढङ्गले सुत्दा पनि अनुहार सुन्निन सक्छ।

**गलत खानपान**ः बर्गर, पिज्जा, प्रोसेस्ड मासु र फ्रेन्चफ्राइजजस्ता फास्टफूडले पनि अनुहार सुन्निन्छ। किनभने यी खाद्य पदार्थमा ठूलो मात्रामा सोडियम हुन्छ र शरीरमा पानी जम्मा हुन पुग्छ, त्यसपछि अनुहार सुन्निन थाल्छ।

**रक्सीसेवन**ः एउटा अध्ययन अनुसार रक्सी पिउनाले निर्जलीकरण हुन्छ। यसको कारण तपाईंलाई पटकपटक पिसाब फेर्नुपर्छ। रक्सीसेवन गरेर सुत्दा अनुहारमा तरल पदार्थ जम्मा हुन्छ र अनुहार सुन्निन थाल्छ।

**हाइपोथाइराइडिज्म**ः यसमा बिरामी बिहान उठ्दा उसको अनुहार सुन्निएको हुन्छ। हार्मोनको अपर्याप्त उत्पादनले यस्तो हुन्छ। यस्तो बेला चिकित्सकको सल्लाह अवश्य लिनुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# सामसुङका प्रमुखलाई शेयरसँग सम्बन्धित मुद्दामा सफाइ

सियोल, २२ माघ/एएफपी

दक्षिण कोरियाको एक अदालतले सामसुङ इलेक्ट्रोनिक्सका प्रमुख ली जे-योङलाई निर्माण तथा इन्जिनीयरिङ कम्पनी सामसुङ सी एन्ड टी र चेइल इन्डस्ट्रिजबीच सन् २०१५ को विवादास्पद कम्पनी एकीकरण हुँदा गरिएको शेयरसँग सम्बन्धित विभिन्न अपराधबाट सोमवार सफाइ दिएको छ।



तस्वीर: एजेन्सी

योनहाप समाचार एजेन्सीका अनुसार अदालतले आलोचकहरूले खराब नियतले सामसुङको तेस्रो पुस्तामा लीलाई स्थापित गर्ने उद्देश्यबाट गरिएको भनी दाबी गरेको एकीकरण (मर्जर)को माध्यमबाट 'शेयरधारक'हरूलाई हानि पुर्‍याउने मनसायलाई मान्यता नदिएको ठहर गरेको छ।

योनहाप समाचार एजेन्सीका अनुसार अदालतको फैसलामा 'लीको नियन्त्रणलाई बलियो बनाउनु र उनको उत्तराधिकार सुनिश्चित गर्नु मर्जरको एकमात्र उद्देश्य नभएको' ठहर गरिएको छ।

सियोल सेन्ट्रल डिस्ट्रिक्ट कोर्टको फैसलाले सन् २०१५ मा निर्माण तथा इन्जिनीयरिङ कम्पनी सामसुङ सी एन्ड टी र चेइल इन्डस्ट्रिजबीच भएको मर्जरमा शेयर मूल्यमा धाँधली, विश्वासघात र लेखासम्बन्धी भ्रष्टाचारलगायत विभिन्न आरोपबाट लीलाई सफाइ दिएको हो।

"आजको फैसलाले एकीकरणका क्रममा कम्पनीहरूको शेयर विभाजन वैध थियो भन्ने ठहर गरेको छ। हामी अदालतको विवेकपूर्ण निर्णयका लागि हार्दिक धन्यवाद दिन्छौं," लीका वकीलद्वारा जारी संक्षिप्त वक्तव्यमा भनिएको छ।

आलोचकहरूले सन् २०१५ को अधिग्रहणले जानीजानी निर्माण फर्मको शेयर मूल्यलाई कम मूल्याङ्कन गरेको यसको शेयरधारकहरूलाई अनुचितरूपमा प्रभावित पारेको दाबी गरेका थिए।

उच्चस्तरीय जालसाजी र अनियमितताको मुद्दामा जेलसजाय भुक्तान गरिसकेका ली सामसुङ इलेक्ट्रोनिक्सका वर्तमान कार्यकारी अध्यक्ष हुन्।

योनहापको एक रिपोर्टका अनुसार यस सम्झौतामा सामसुङको सी एन्ड टीका तीनवटा शेयर बजारीकरण शेयरको लागि प्रस्ताव गरिएको थियो।

अभियोजन पक्षले नोभेम्बरमा आफ्नो अन्तिम बहसमा कम्पनीहरूको शेयर विभाजन प्रक्रियामा समूह प्रमुखको सहज उत्तराधिकारको लागि केही अवैध कार्यहरू अवलम्बन गरिएको उल्लेख गरिएको थियो।

"कम्पनीका मालिक समूहहरूलाई व्यक्तिगत स्वार्थ पूरा गर्न अनुमति दिने संरचना कोरियाको बढ्दो छुटको सबैभन्दा ठूलो कारण हो," अभियोजन पक्षले दक्षिण कोरियाली व्यवसायहरूको कथित विश्वव्यापी अवमूल्यनलाई सङ्केत गर्दै भनेको छ, "देशको नम्बर एक कम्पनी सामसुङले यो काम गरेकोमा हामी निकै दुःखी छौं।"

लीले अदालतमा आफू 'मर्जरमा व्यक्तिगत स्वार्थ'बाट प्रेरित नभएको बताएका थिए।

"मैले अन्य शेयरधारकहरूलाई क्षति पुर्‍याउने खर्चमा मेरो हिस्सेदारी बढाउने कल्पना गरेको थिइनँ," योनहापले उनको दाबीलाई उद्धृत गर्दै लेखेको छ।

एक पर्यवेक्षकले एएफपीसँग कुरा गर्दै लीलाई 'फ्रि पास' दिइएको भन्दै अदालतले उनलाई सफाइ दिएकोमा आफूहरू स्तब्ध भएको बताएका छन्।

नागरिक समूह 'सिटिजन्स कोलिशन फर इकोनोमिक जस्टिस'का निर्देशक ओह से-हचुङले भने, "अदालतले लीविरुद्ध केही प्रमाणहरू उचित प्रक्रियाविना नै सङ्कलन गरिएको आधारमा आफ्नो निर्णयलाई आधार बनाएको देखिन्छ।"

ओहले भने, "तर यसले मात्र लीलाई स्वतन्त्र सफाइ दिनुहुँदैनथ्यो। अभियोजन पक्षले उनलाई जवाफदेही बनाउन सक्दो प्रयास गरेको छ कि छैन भन्नेमा मलाई शङ्का लागेको छ। मुद्दाबारे पहिलोपटक सुनुवाइ शुरू भएको करीब तीन वर्षपछि यो फैसला आएको हो। रासस

# पाकिस्तानको प्रहरी चौकी आक्रमणमा १० सुरक्षाकर्मीको मृत्यु

पेशावर, २२ माघ/एएफपी

उत्तरी पाकिस्तानको एउटा प्रहरी चौकीमा सोमवार बिहान दर्जनौं लडाकूले आक्रमण गर्दा कम्तीमा १० जना सुरक्षा अधिकारीको मृत्यु भएको वरिष्ठ प्रहरी कमान्डरले बताएका छन्।

पाकिस्तानमा आम चुनावमा मतदान हुनुभन्दा केही दिन अघि नै उम्मेदवार र पार्टीका समर्थकमाथि दर्जनौं आक्रमण भइसकेका छन्।

"चौकीमा ३० जनाभन्दा बढी आक्रमणकारीले तीन दिशाबाट हमला गरेका थिए। खैबर पख्तुनख्वा प्रान्तका प्रहरी प्रमुख अख्तर हयात गण्डापुरले एएफपीसँग भने–"साढे दुई घण्टाभन्दा बढी सशस्त्र झडप भएको उक्त घटनामा कम्तीमा १० सुरक्षाकर्मी मारिएका छन्।"

उनले डेरा इस्माइल खान जिल्लाको चौधवान प्रहरी चौकीमा भएको आक्रमणमा अन्य चार सुरक्षाकर्मी घाइते भएका जानकारी दिए।

खैबर पख्तुनख्वाको सीमावर्ती क्षेत्रमा वर्षौंदेखि पाकिस्तानी तालिबान, इस्लामिक स्टेट र अन्य समूहले सरकार र सुरक्षा लक्ष्यमा आक्रमण गर्नुका साथै सर्वसाधारणलाई लक्ष्य बनाउने गरेका छन्।

गण्डापुरको स्थानीय प्रशासनले एएफपीलाई बताए अनुसार आक्रमणकारीहरूले सोमवार बिहान आक्रमणको क्रममा केही समयका लागि प्रहरी चौकी नियन्त्रणमा लिएका थिए।

गत हप्ता पाकिस्तानको दक्षिणपश्चिम क्षेत्रमा रहेको एक सरकारी भवन परिसरमा बलोच पृथकतावादी समूहले लुकीछिपी आक्रमण गरेपछि भएको घटनामा २४ जना लडाकू मारिएको सेनाले जनाएको थियो।

आक्रमण र त्यसपछिको खोजी कारबाईमा चार सुरक्षाकर्मी र दुई सर्वसाधारणको मृत्यु भएको थियो।

प्रतिबन्धित बलोच पृथकतावादी समूह बलुचिस्तान लिबरेशन आर्मी (बिएलए) ले सामाजिक सञ्जालमा एक विज्ञप्ति जारी गर्दै उक्त आक्रमणको जिम्मेवारी लिएको छ।

पाकिस्तानको निर्वाचन आयोगले गत हप्ता खैबर पख्तुनख्वा र बलुचिस्तान प्रान्तमा पूर्वनिर्धारित कार्यक्रम अनुसार नै मतदान हुने बताएको थियो। हिंसा भड्किएपछि सुरक्षा अधिकारीहरूसँग आकस्मिक बैठक गरी निर्वाचन कार्यक्रम यथावत् रहने बताएको थियो।

मतदाताको सुरक्षाका लागि देशभर हजारौं सुरक्षाकर्मी परिचालन गरिने सरकारले जनाएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यभय | वृष – रोगभय |
| मिथुन – यात्रालाभ | कर्कट – कडा श्रम |
| सिंह – चोरभय | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनखति |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे




# दादुरा–रूबेलाविरुद्धको ६० लाख मात्रा खोप आयो

काठमाडौं, २२ माघ/रासस

सरकारले दादुरा–रूबेलाविरुद्धको खोप ल्याएको छ। स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले दादुरा–रूबेलाविरुद्धको ६० लाख ५० हजार मात्रा खोप ल्याइएको र उनले दुई लाख ८० हजार मात्रा खोप आउन बाँकी रहेको जानकारी दिए।

यो खोप अभियान सञ्चालन गरी करीब ५७ लाख बालबालिकालाई लगाइनेछ। भारतीय सेरम इस्टिच्युटले उत्पादन गरेको उक्त खोप ग्लोबल अलायन्स फर भ्याक्सिन एन्ड इमुनाइजेशन (गाभी)को अनुदानमा उपलब्ध भएको उनले बताए।

सरकारले देशभरि नै सम्भावित सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै १५ वर्षमुनिका सबै बालबालिकालाई आगामी फागुन १३ देखि चैत ७ गतेसम्म खोप अभियान सञ्चालन गर्ने जनाइएको छ।

भारतसँग सीमा जोडिएका तथा दादुरा–रूबेलाको अति सङ्क्रमित २१ र काठमाडौं उपत्यकाका तीन गरी २४ जिल्लामा नौ महीनादेखि १५ वर्षमुनिसम्मका बालबालिकालाई खोप लगाइने खोप शाखाका प्रमुख डा गौतमले जानकारी दिए।

बाँकी जिल्लामा नौ महीनादेखि पाँच वर्षसम्मका बालबालिकालाई पनि खोप अभियानमा सहभागी गराइने उनको भनाइ छ।

सरकारले यसअघि नै भूकम्पका बेला जाजरकोट र पश्चिमरूकुममा खोप अभियान सञ्चालन गरिसकेको छ। सन् २०२६ सम्म दादुरा–रूबेला निवारण गर्ने लक्ष्यका साथ खोप अभियान सञ्चालन गर्न थालिएको हो।

खोप आपूर्ति व्यवस्थापन शाखाका प्रमुख डा सुरेन्द्र चौरसियाले खोप टेकुस्थित केन्द्रीय भण्डारण कक्षमा रहेको जनाउँदै चाँडै नै जिल्लामा पठाइने बताए।

दादुरा–रूबेला भएका बेला ज्वरो आउने, शरीरमा राता बिमिरा आउने, रुघाखोकी लाग्ने, आँखा पाक्ने जस्ता लक्षण दखिने भन्दै समयमा उपचार नगरेर आँखा नदेख्ने समस्याका साथै निमोनिया, कान पाक्नेलगायत समस्या हुने उनले बताए।

सामान्यतया: दादुरा–रूबेला लागेका बिरामीमा आँखा पाकेर अन्धो हुने, कान पाकेर नसुन्ने, निमोनिया भएर श्वासप्रश्वास फेर्न समस्या देखिन्छ। गत वर्ष १९ जिल्लामा दादुरा–रूबेला महामारीका रूपमा फैलिएको थियो।

# एनआइसियूका लागि छुट्याइएको बजेट अपुग

काठमाडौं, २२ माघ/रासस

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको एक अध्ययनमा सरकारले नवजात शिशु सघन कक्ष (एनआइसियु)का लागि छुट्ट्याउने रकम ५० प्रतिशतभन्दा बढीले अपुग हुने देखिएको छ।

परिषद्ले उपत्यकाभित्र र बाहिरका विभिन्न अस्पतालमा पुगी गत वैशाखदेखि असोजसम्म गरेएको अध्ययनमा प्रतिबिरामी रू १० हजारभन्दा बढी खर्च अपुग देखिएको हो। सरकारले हाल एनआइसियूमा उपचार गराउने प्रत्येक बिरामीको उपचारका लागि औसतमा रू आठ हजार उपलब्ध गराउँदै आएको छ।

एनआइसियु छ दिन उपचार गर्दा औसतमा प्रतिबिरामी रू १८ हजार चार सय ९० खर्च हुने र अपुग रू १० हजार चार सय ९० अपुग अस्पतालले नै बेहोर्दै आएको अध्ययनमा देखिएको छ।

अनुसन्धानकर्ता उत्तम दवाडीले अध्ययनमा उक्त खर्च बाहेक बिरामीको व्यक्तिगत रूपमा थप औसत रू २९ हजार चार सय ८५ खर्च हुने गरेको देखिएको छ।

यसरी एनआइसियूमा छ दिन उपचार गर्दा रू ४७ हजार नौ सय ७५ खर्च हुने गरेको देखिएको छ। बिरामी गर्ने व्यक्तिगत खर्च औषधिमा रू १५ हजार ८३ र अस्पताल आवतजावत र बिरामी भेटन आउने व्यक्तिको समयबापतका औसतमा रू सात हजार तीन ८५ खर्च हुने देखिएको अनुसन्धानकर्ता दवाडीले बताउनुभयो। बिरामीले आफ्नो व्यक्तिगत खर्चमा सबैभन्दा बढी शय्या, औषधि र प्रयोगशालामा खर्च गर्ने गरेका छन्। अस्पतालको खर्च भने सबैभन्दा बढी मानव संशाधनमा हुने गरेको पाइएको छ।

परिषद्ले उपत्यका बाहिर कैलालीको सेती प्रादेशिक अस्पताल र चितवनस्थित भरतपुर अस्पताल र उपत्यकाभित्रका त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, कान्ति बाल अस्पताल, ह्यामस्‌ अस्पताल, अन्तर्राष्ट्रिय बालमैत्री अस्पतालमा एनआइसियुमा उपचार गरिरहेका बिरामीको आर्थिक लागतको अध्ययन गरेको थियो।

अध्ययनमा उपत्यकाभित्रका अस्पतालमा भने लागत झनै बढी भएको पाइएको थियो। उपत्यकाभित्र एनआइसियुमा एउटा बिरामीको उपचारमा व्यक्तिगत खर्च औसत रू ३९ हजार दुई हजार ५० र अस्पतालको खर्च औसत रू ३३ हजार २९ हुने गरेको छ।

परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा मेघनाथ धिमालले परिषद्ले गरेको अध्ययन अनुसन्धान सरकारलाई सुझावका रूपमा बुझाउने गरिएको बताउनुभयो।

# प्रेस चौतारीको स्थापना दिवसमा प्रभातफेरी

प्रस, वीरगंज, २२ माघ/

प्रेस चौतारी नेपालको २६औं स्थापना दिवसको अवसरमा सोमवार प्रभातफेरी गरेर मनाइएको छ। घण्टाघरबाट निकालिएको प्रभातफेरी आदर्शनगर हुँदै पुनः घण्टाघरमा पुगेर कोणसभा गरी समापन भएको थियो।

कोणसभामा चौतारीका पूर्वकेन्द्रीय उपाध्यक्ष महेश दासले चौतारी पछिल्लो समयमा पत्रकारहरूको पेशागत सङ्गठनहरूमध्ये मजबूत बन्दै गएको बताए। प्रेस चौतारी मधेस प्रदेशका सहइन्चार्ज श्याम बन्जाराले प्रेस चौतारी साङ्गठनिकरूपमा मजबूत रहेको र आगामी दिनमा पनि सोही स्वरूपमा रहने दाबी गरे।

शाखा अध्यक्ष तुलसी भण्डारीको अध्यक्षतामा सम्पन्न कोणसभामा चौतारीका पूर्वअध्यक्ष अनुप तिवारीले पनि मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण शाखा सचिव राकेश साहले गरेका थिए।



तस्वीर: प्रतीक

*प्रस, रौतहट/*

प्रेस चौतारी नेपालको २६औं स्थापना दिवसको अवसरमा फलफूल वितरण तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि नेकपा एमालेका केन्द्रीय सदस्य अजयकुमार गुप्ताले प्रेस चौतारी पुरानो पेशागत संस्था रहे पनि पार्टीबाट संरक्षण नभएकोले कमजोर हुँदै गएको बताए।




प्रेस चौतारीमा पुराना पत्रकारहरूको जमघट रहेको बताउँदै उनले प्रचारप्रसार गर्न अहम् भूमिका निर्वाह गर्न आग्रह गरे।

माघ २५ र २६ गते हुने जिल्ला अधिवेशनमा पार्टीका राष्ट्रिय अध्यक्ष आउने भएकाले सहभागिता तथा लगनशीलताको लागि प्रचारप्रसार गर्न उनले आग्रह गरे।

कार्यक्रममा नेकपा एमालेको लेखा समितिका केन्द्रीय सदस्य राजकिशोरप्रसाद यादवले शुभकामना व्यक्त गर्दै सुझावहरू दिएका थिए। प्रेस चौतारी रौतहटका अध्यक्ष आदर्श उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा जिल्लाका पत्रकारहरूको सहभागिता थियो। सोही क्रममा प्रादेशिक अस्पताल गौरका ४५ जना बिरामीलाई फलफूल वितरण गरिएको थियो।

### विद्यालय र सञ्चारकर्मीलाई सहयोग

२६औं स्थापना दिवसको अवसरमा प्रेस चौतारी नेपाल बाराले सोमवार विभिन्न कार्यक्रम आयोजना गर्‍यो। प्रेस चौतारी बाराले फरक क्षमता भएका विद्यार्थी अध्ययनरत विद्यालयलाई आर्थिक, शैक्षिक तथा खेलकूद सामग्री र सङ्गठनमा आबद्ध दुईजना सञ्चारकर्मीलाई सहयोग रकम हस्तान्तरण गरेको छ।

चौतारी बाराले सिमरास्थित नेपाल अपाङ्ग सेवा सङ्घको भवनमा सञ्चालित सुस्त श्रवण र बौद्धिक अपाङ्गता भएका

(बाँकी अन्तिम पातामा)

### पर्यटन ...

पदयात्रा सञ्चालन गर्दै आएका छन्। उद्योग वाणिज्य सङ्घले थालेको पदयात्रा अभियानमा क्रमश: सामाजिक सङ्घसंस्था जोडिंदै जानुले यहाँका पर्यटकीय गन्तव्यको प्रचारप्रसार र प्रवर्द्धनको वातावरण बन्दै गएको पदयात्राका सहभागीले बताएका छन्।

महोत्सवमा बर्दिवास नगर कार्यपालिकाको सहयोग प्राप्त भएको आयोजकले जनाएको छ। करीब रु १५ लाखको लागतमा आयोजना गर्न लागिएको महोत्सवमा ५० हजारजनाले अवलोकन गर्ने आयोजकको अनुमान छ। सङ्घले तीन दिन बर्दिवासमा बसेर महोत्सवको आनन्द लिन सबैमा सार्वजनिक अपील गरेको छ।

# मेडिकल कलेजका विद्यार्थीको आन्दोलन टुङ्गियो

प्रस, वीरगंज, २२ माघ/

नेशनल मेडिकल कलेज वीरगंजमा अध्ययनरत विद्यार्थीहरूको आन्दोलन सहमतिमा टुङ्गिएको छ। माघ २१ गते साँझ विद्यार्थी, कलेज प्रशासन र स्थानीय प्रहरी प्रशासनको रोहबरमा माग सम्बोधन गरिएको र सहमति भएपछि आन्दोलन टुङ्गिएको हो।



तस्वीरः प्रतीक

सात सूत्रीय माग राखेर विद्यार्थीहरू माघ १४ गतेदेखि धर्ना, प्रदर्शन गर्दै आन्दोलनमा उत्रेका थिए। विद्यार्थीहरूले होस्टलमा बस्नुपर्ने, क्यान्टिनमा खानुपर्ने, इन्टरनेट लिनुपर्ने विषय ऐच्छिकमा राख्नुपर्ने माग राख्दै आन्दोलन गरिरहेका थिए। सात बुँदे माग अघि सार्दै मेडिकल कलेजका एमबिबिएस, पिजी, नर्सिङलगायत विभागमा अध्ययनरत सम्पूर्ण विद्यार्थी आन्दोलनमा सहभागी भएका थिए।

सहमतिपछि कलेजको क्यान्टिन र खाजाघर अनिवार्य गरिएको छैन र अब विद्यार्थीहरू बाहिर बस्न र बाहिर खान सक्ने त्रिविविको नियम अनुसारको सुविधा पाउने भएका छन्।

सम्झौतापत्रमा कलेजको व्यवस्थापन पक्षबाट प्राडा केएम सिंह, सहायक क्याम्पस प्रमुख डा रविशङ्कर गुप्ता र ११ जना विद्यार्थीले हस्ताक्षर गरेका छन् भने रोहबरमा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब उपरीक्षक ध्रुवकुमार श्रेष्ठ थिए। जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल, मेडिकल कलेजका सञ्चालक समिति अध्यक्ष डा जैनुद्दीन अन्सारीलगायतको सहभागिता थियो।

# ठोरी छोटी भन्सारको स्तरोन्नति हुने

चिरञ्जीवी सापकोटा, ठोरी, २२ माघ/

लामो समयको प्रतीक्षापछि ठोरी गाउँपालिका वडा नं २ मा रहेको ठोरी छोटी भन्सारको स्तरोन्नति हुने भएको छ।आगामी माघ २७ गते शनिवार सङ्घीय अर्थमन्त्री प्रकाशशरण महतले ठोरी छोटी भन्सारलाई स्तरोन्नति गर्ने घोषणा गर्नेछन्। अर्थमन्त्रीसहित अर्थ मन्त्रालयका अन्य दुई सचिव तथा भन्सार विभागका प्रमुखको समेत सहभागितामा ठोरी छोटी भन्सारको स्तरोन्नतिको घोषणा हुने कार्यक्रम तय भएको ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले जानकारी दिए। ठोरी गाउँपालिका र माडी नगरपालिकाको संयुक्त बैठकले ठोरी छोटी भन्सारको स्तरोन्नति गर्न संयुक्त पहल गर्ने निर्णय गरेसँगै अर्थ मन्त्रालय र भन्सार विभागले ठोरी छोटी भन्सारलाई स्तरोन्नति गर्न चासो देखाएको अध्यक्ष श्रेष्ठले बताए।

ठोरी भन्सारको स्तरोन्नति हुने खबरले ठोरीवासी खुशी भएका छन्। लामो समयदेखि बन्द रहेको छोटी भन्सार सञ्चालनमा आएपछि भारतीय पर्यटकहरू गाडीको प्रवेश शुल्क तिरी नेपालको जुनसुकै स्थानमा जान सक्ने भएपछि पर्यटनमा समेत प्रत्यक्ष टेवा पुग्ने स्थानीय बुद्धिजीवीको भनाइ छ।



## सामाजिक सञ्जाल प्रयोगकर्ताले ध्यान दिऔं

- बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन साझा वा टिप्पणी नगरौं,
- मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्यदृश्य सामग्री, तस्वीर साझा नगरौं,
- बहुविवाह, बालविवाह, मानव बेचबिखन र छुवाछूतजस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,
- अरूलाई होच्याउने, अपमान गर्नेजस्ता कार्य सामाजिक सञ्जालबाट नगरौं,
- निजी प्रकृतिका फोटो, भिडियो अनुमतिबेगर छायाङ्कन, प्रकाशन तथा प्रसारण नगरौं,
- अश्लील शब्द तस्वीर, श्रव्य, दृश्य, एनिमेशन प्रकाशन प्रसारण नगरौं,
- बालयौन शोषण, यौन दुर्व्यवहार, देह व्यापारलगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,
- बीभत्स तस्वीर, भिडियो अपलोड र साझा नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

### द्वारदेवी ...

भनाइ थियो।

सोमवार विद्यालय राम्ररी चलेको उनले बताए। यसअघि माावि तहसम्म अध्ययन निश्शुल्क भएको महानगरको शैक्षिक प्रशासन महाशाखाका प्रतिनिधिले एक कार्यक्रममा भनेपछि विद्यार्थीहरूले शुल्क नदिनका लागि विवाद गरेका थिए। विद्यार्थीहरूले कक्षाकोठामा तालाबन्दी गरी विरोध जनाएका थिए।

कक्षा ११ र १२ मा शिक्षा र वाणिज्य सङ्कायको पठनपाठन भइरहेको र विद्यालयका शिक्षकले सबै विषय अध्यापन गराउन नसकेपछि विद्यालयले तीनवटा विद्यालयका शिक्षकहरू करारमा नियुक्त गरी कक्षा सञ्चालन गरिरहेको छ। सोही सञ्चालन खर्चबापत न्यूनतम शुल्क विद्यार्थीबाट मासिक रु पाँच सय लिइने निर्णय भएको थियो। विद्यार्थीहरूले मासिक शुल्क विद्यालयको खातामा बैंकमैं गएर जम्मा गर्न सक्ने व्यवस्था छ।

# ट्रक नियन्त्रण

प्रस, वीरगंज, २२ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलबीजकभन्दा बढी कपडा र खुद्रा सामान लोड एउटा ट्रकलाई सोमवार बिहान नियन्त्रणमा लिएको छ।

वीरगंजबाट विराटनगर जाँदै गरेको ना.३ख ४७४९ नम्बरको ट्रकलाई गण्डकचोकमा प्रहरीले चेकजाँच गर्दा बिलबीजकभन्दा बढी सामान भेटिएपछि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

उक्त ट्रकबाट ३५ लाख ९२ हजार मूल्य बराबरको कपडा तथा खुद्रा सामान भेटिएपछि आज कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाएको जिप्रका, पर्साले जनाएको छ।

# खेलकूदको संसार

## कायाकिङमा उदयपुरका डम्बरबहादुर पहिलो

मध्यविन्दु (नवलपरासी) २२ माघ/रासस

नारायणी नदीमा पहिलोपटक भएको साहसिक खेल कायाकिङ राष्ट्रिय प्रतियोगितामा उदयपुरका डम्बरबहादुर पूर्वथाने



पहिलो भएका छन्। गण्डकी प्रदेश खेलकूद परिषद्ले नवलपरासी (बर्दघाट सुस्तापूर्व)को नारायणी नदीमा आयोजना गरेको कायाकिङ प्रतियोगितामा सहभागी १८ प्रतिस्पर्धीलाई उछिन्दै उनी पहिलो भएका हुन्।

डम्बरबहादुरले सात किलोमिटरको दूरी ३५ मिनेट ३८ सेकेन्डमा पूरा गरे। यस्तै, गोर्खाका दीपेश रानामगर निर्धारित दूरी ३६ मिनेट १० सेकेन्डमा पार गरी दोस्रो भए। चितवनका विजय गुरुङ ३७ मिनेट २१ सेकेन्डमा दूरी पार गरी तेस्रो भएका गण्डकी प्रदेश खेलकूद परिषद्का सदस्य सचिव श्रीधर शर्माले जानकारी दिए। प्रतियोगितामा प्रहिलो, दोस्रो र तेस्रो हुने खेलाडीले क्रमशः रु ४० हजार, रु २५ हजार र रु १५ हजार पुरस्कार प्राप्त गरे।

आगामी वर्ष असोजमा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गरिने प्रशिक्षक नीमबहादुर मगरले बताए। नेपालमा कायाकिङ गर्ने २०० भन्दा बढी खेलाडी रहेको उनको भनाइ छ। डुङ्गामा एकजना मात्र बस्न मिल्नेगरी खेलिने कायाकिङ साहसिक खेल विधामा पर्छ।

## पर्यटन प्रवर्द्धन गर्न रोटरीको 'मिनी म्याराथन'

चितवन, २२ माघ/रासस

रोटरी क्लब अफ रत्ननगरले यहाँको समग्र पर्यटन प्रवर्द्धन गर्न 'मिनी म्याराथन' आयोजना गर्ने भएको छ। महिला र पुरुष दुई समूहमा म्याराथन गर्न लागिएको हो।

आयोजक संस्थाले सोमवार पत्रकार सम्मेलनको आयोजना गरी कार्यक्रमका बारेमा जानकारी दिएको छ। आगामी फागुन १९ गते नारायणी नदी किनारबाट रत्ननगरको हरिहर मन्दिरसम्म म्याराथन दौड आयोजना गर्न लागिएको हो। कार्यक्रम संयोजक विपिन पोखरेलले प्रतियोगितामा दुई किसिमबाट खेलाडी (धावक)ले प्रतिस्पर्धा गर्ने अवसर प्राप्त गर्ने बताए। उनका अनुसार १४ दशमलव पाँच किमीको खुला प्रतियोगिता र पाँच किमी दूरीको महिला लक्षित प्रतियोगिता हुनेछन्। १४ दशमलव पाँच किमीको खुला प्रतियोगिता नारायणी नदी किनारबाट शुरू भई हरिहर मन्दिर रत्ननगरमा समापन हुनेछ भने पाँच किमी दूरीको महिला लक्षित प्रतियोगिता भरतपुर महानगरपालिकाको जङ्गल सीमाबाट प्रारम्भ भई सोही ठाउँमा समापन हुनेछ।

सो प्रतियोगितामा राष्ट्रिय धावक (खेलाडी), नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका राष्ट्रसेवकसमेतको सहभागिता रहने उहाँले जानकारी दिनुभयो। साथै सीमान्तकृत चेपाङ समुदायका धावकलाई विशेष प्रोत्साहन गरिने उनको भनाइ छ।

प्रतियोगितामा चार सय हाराहारी सहभागी हुने अपेक्षा गरिएको छ। क्लबका अध्यक्ष हरिकुमार श्रेष्ठका अनुसार राष्ट्रिय प्रतिभाको पहिचान एवं प्रवर्द्धन गर्ने उद्देश्यबाट यो मिनी म्याराथन आयोजना गर्न लागिएको हो।

रोटरी डिस्ट्रिक तीन हजार २९२ जोन ३७ का एसिस्टेन्ट गभर्नर सुरेन्द्र रेग्मीका अनुसार १५ दशमलव पाँच किमीतर्फको प्रतियोगितामा प्रथम हुनेलाई रु एक लाख नगद र प्रमाणपत्र प्रदान गरिनेछ। यसैगरी, दोस्रो हुनेलाई रु ५० हजार, तेस्रो हुनेलाई रु २५ हजार, चौथो हुनेलाई रु १० हजार, पाँचौं हुनेलाई रु पाँच हजार र छैटौंदेखि १०औंसम्मलाई रु तीन हजारसहित प्रमाणपत्र वितरण गरिनेछ।

दूरी पूरा गर्ने सबै चेपाङलाई रु दुई हजार पुरस्कारको व्यवस्था रहेको छ। यसैगरी, पाँच किमी महिला लक्षित प्रतियोगितातर्फ प्रथम हुनेलाई रु २० हजार, दोस्रो हुनेलाई रु १० हजार, तेस्रो हुनेलाई रु पाँच हजार, चौथो हुनेलाई रु तीन हजार, पाँचौं हुनेलाई रु दुई हजार पाँच सय, छैटौंदेखि १०औंलाई रु एक हजारसहित प्रमाणपत्र प्रदान गरिनेछ। दूरी पूरा गर्ने महिला चेपाङलाई रु एक हजार प्रदान गरिने उनले जानकारी दिए।

# प्रसौनीमा बहुउद्देश्यीय भवन निर्माण हुँदै


तस्वीरः प्रतीक

प्रस, वीरगंज, २२ माघ/

बारा, प्रसौनी गाउँपालिका–१ बजार क्षेत्रमा विवाह, गोष्ठी, सेमिनार, सभा आयोजना गर्ने उद्देश्य अनुसार बहुउद्देश्यीय भवनको निर्माण कार्य शुरू भएको छ। करीब पाँच करोडको लागतमा तीन कट्ठा क्षेत्रफलमा दुई तले भवन निर्माण भइरहेको हो।

दुई तले भवनको माथि सभाहल रहनेछ भने भुइँतलामा आठवटा कोठा निर्माण गरिनेछ। गापा अध्यक्ष विनोद जयसवालका अनुसार प्रसौनी गापामा दुई सयजनाभन्दा बढी मानिस भेला हुनेगरी सुविधासम्पन्न पार्टी प्यालेस, होटल नरहेकोले स्थानीयको माग मध्यनजर गरी बहुउद्देश्यीय भवन निर्माण भइरहेको उनले बताए।

उक्त भवनमा ३५० जना अट्न सक्ने बताइएको छ। सुबोध पाण्डे सञ्चालक रहेको अर्चना/पिपी कन्स्ट्रक्शन जेभीले एक वर्षभित्र सो भवन निर्माण कार्य पूरा गर्ने सम्झौता गरेको छ।

### प्रेस चौतारी ...

विद्यार्थी अध्ययनरत विद्यालयलाई शैक्षिक तथा खेलकूद सामग्री, खाद्यान्नका साथै रु ४० हजारको चेक हस्तान्तरण गरेको छ। उक्त विद्यालयमा हाल सुस्त श्रवण र बौद्धिक अपाङ्गता भएका करीब ४० जना बालबालिका अध्ययन गरिरहेका छन्। कार्यक्रममा प्रेस चौतारी नेपालका केन्द्रीय सचिव कमलकुमार उपाध्याय, अपाङ्ग सङ्घ बाराका अध्यक्ष गङ्गा वाग्ले, प्रेस चौतारी बाराका अध्यक्ष दिवाकर भण्डारी लगायतले मन्तव्य व्यक्त गरेका थिए।

यसैगरी, चौतारी बाराले दुईजना सञ्चारकर्मीलाई आर्थिक सहयोग गरेको छ। चौतारी बाराले अक्षयकोषबाट सञ्चारकर्मी रञ्जना खतिवडालाई १५ हजार र जिउतप्रसाद यादवलाई १० हजार आर्थिक सहयोग उपलब्ध गराएको हो। खतिवडाको केही समयअघि मेरुदण्डमा पलाएको ट्युमर र यादवको टाउकोको शल्यक्रिया गरिएको थियो। उक्त शल्यक्रियापछि स्वास्थ्यलाभ गरिरहेका दुवैजनालाई राहतस्वरूप सहयोग उपलब्ध गराइएको हो।